
# मुस्ताङको गुफा



विजय चालिसे

Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

बाल-साहित्य

# मुस्ताङको गुफा

लेखक
विजय चालिसे

प्रकाशक :

विवेक सिर्जनशील प्रकाशन (प्रा.) लि.

# मुस्ताङ्को गुफा

लेखक : विजय चालिसे
चित्र / आवरण : देव कोइमी
संस्करण : पहिलो, असोज २०६१
प्रकाशक : विवेक सिर्जनशील प्रकाशन (प्रा.)लि.
फोन : ४-७७१७०४, काठमाडौं
ISBI : 99946-43-15-0
सेटिङ : प्रारम्भ कम्प्युटर सेवा
डिल्लीबजार, काठमाडौं, फोन : ४-४२१६५७
मुद्रण : प्रज्ञा अफसेट प्रेस
पुतलीसडक, काठमाडौं ४२१६६७६

मूल्य : रु. ५०/-

# भाइबहिनीसँग

*प्रिय भाइबहिनी,*

तिमीहरू नयाँ-नयाँ कुरा जान्न र नौला ठाउँ हेर्न खुबै मन पराउँछौ । तिमीहरूकै जस्तो मलाई पनि नयाँ ठाउँ घुम्न र नयाँ-नयाँ कुराहरू जान्न औधी मन पर्छ । तर हामी आफैं सबै ठाउँ पुग्न सक्दैनौं । जान्न चाहेका सबै कुरा हामी आफैं जान्न सक्दैनौं । त्यस्तोमा तिमीहरू के गर्छौ कुन्नि, म चाहिँ राम्रा-राम्रा कथा, उपन्यास र ज्ञानविज्ञानका पुस्तकहरू पढेर ती नयाँ ठाउँ र नयाँ कुराबारे जानकारी लिन्छु । तिमीहरूमध्ये धेरै चाहिँ पक्कै पनि यस्तै गर्छौ होला, होइन त !

अहिले तिमीहरू चाह्यौ भने यस्ता राम्रा र उपयोगी कथा, उपन्यास र ज्ञानविज्ञानका अनेकौं पुस्तकहरू पाउन सक्छौ । हामी केटाकेटी छँदा हामीले बुझ्ने र पढ्न रुचाउने खालका दुईचारवटा भन्दा बढी पुस्तक फेला पर्दैनथे । तिनमा केही बालकविताका पुस्तक हुन्थे, केही पुराणका उपदेश दिने कथा र दन्त्यकथा, लोककथाहरूका पुस्तक हुन्थे । अहिलेको जस्तो धेरै प्रकारका कथा, उपन्यास, चित्रकथा, ज्ञानविज्ञानका पुस्तक थिएनन् । अहिले त धेरै दाइदिदीहरूले तिमीहरूकै लागि राम्रा-राम्रा पुस्तकहरू लेखिरहनुभएको छ । विदेशी लेखकहरूका यस्तै राम्रा पुस्तक पनि बजारमा पाइन्छ ।

मैले पनि अनौठो भूमिमा एलिस र मङ्गल ग्रहमा विज्ञान नामका उपन्यास र कथाका धेरै पुस्तक पछि अहिले मुस्ताङको गुफा कोसेली ल्याएको छु । आशा छ, यो उपन्याससँगसँगै तिमीहरू पनि उपन्यासका पात्र अभिनवसँगै हिमाल पारिको मुस्ताङ्ग पुग्नेछौ । ऊसँगै तिमीहरू पनि त्यो रमाइलो ठाउँ घुम्ने छौ, मुक्तिनाथ डुल्ने छौ, गुफा र गुफाभित्रको संसार देख्ने छौ । हुँदै नभएको राक्षसको डर देखाउँदै लुटपाट गर्ने

बद्‌मासहरूलाई सजायँ दिन अभिनव र सोमुले के कस्तो दुःख भोगे, कति आँटिलो काम गरे त्यो पनि थाहा पाउने छौ ।

हामीले पढ्ने पुस्तक पढुञ्जेल रमाइलो गराउने खालको मात्र नभएर त्यो रमाइलोको सँगसँगै नयाँ जानकारी र ज्ञान पनि दिने खालको भयो भने झनै राम्रो हुन्छ । तिमीहरू पनि पक्कै यस्तै चाहन्छौ होला ! मैले यसमा मात्र नभएर अगाडिको मङ्गलग्रहमा विज्ञान उपन्यासका साथै कथाहरू लेख्दा पनि यो कुरालाई मनमा राखेको छु । नयाँ ठाउँ, नयाँ कुरा, नयाँ ज्ञान र केटाकेटीका साहसिला कामलाई रमाइलो तरिकाले सुनाउने कोसिस गरेको छु । यसमा तिमीहरूले अभिनव, सोमु, पासाङ, कासाङ आदिसँग भेट्ने छौ । हिमाल पारिको नेपाल भनिने मुस्ताङ र त्यसको सदरमुकाम जोमसोम, मुक्तिनाथजस्ता ठाउँ पनि उनीहरूसँगै घुम्नेछौ । तिमीहरू पनि उनीहरूसँगै मुस्ताङको गुफा हेर्न पुग्नेछौ । त्यस्ता गुफाहरू कसरी बन्दा रहेछन् र त्यहाँ के-कस्ता जीव र कुराहरू हुँदा रहेछन् भन्ने पनि थाहा पाउनेछौ । अझ अभिनव र सोमुले कसरी त्यो अनौठो गुफाभित्र लुकेर अपराध गर्ने अपराधीहरूलाई पक्राएर पुलिस र ठूला मानिसले गर्न नसकेको काम गरे भन्ने पनि थाहा पाउनेछौ । ती सबै समय तिमीहरू पनि पुस्तकको माध्यमबाट अभिनव र सोमुकै साथमा हुनेछौ । त्यसैले मैले विश्वास गरेको छु- यो उपन्यासले तिमीहरूलाई रमाइलो मात्र नगराएर केही नयाँ कुराको जानकारी पनि दिनेछ, अलिकति राम्रा र आँटिला काम गर्न हौस्याउने छ । तिमीहरूलाई राम्रो लाग्यो र मन पर्‍यो भने मात्रै मेरो यो कोसिस सफल हुनेछ, होइन त ? त्यसैले यो उपन्यास कस्तो लाग्यो, पढेर भन्न नबिर्स है ! अँ, एउटा कुरा । यो उपन्यास केटाकेटी डट कम भन्ने नाउँको वेबसाइटमा पनि हेर्न सकिन्छ ।

तिमीहरूलाई धेरै माया गर्ने दाजु

■ **विजय चालिसे**

२०६१ भदौ १२ गते

# यात्राको तयारीमा

"आमा... आमा.... भोलिदेखि त हामीलाई स्कुलमा छुट्टी भयो - यो एक महिनाको दशैं बिदामा त बाबाकहाँ लैजान्छु भन्नुभएको होइन ?" अभिनवले झोला फुत्त भुइँमा फ्यालेर भन्यो ।

"ल...हेर.... त्यसरी झोला फाल्ने हो ! पुस्तकहरू जतन गरेर पो राख्नुपर्छ । यति पनि थाहाछैन तिमीलाई ? यस्तो नराम्रो बानी गर्‍यौ भने कसले लान्छ तिमीलाई बाबाकहाँ, भनत !" आमाले उसलाई सम्झाउँदै भन्नुभयो ।

"अब यस्तो गर्दिन आमा ! यसपालिको विदामा त बाबाकहाँ लैजानुहोस् है । बाबाले पनि त ल्याउनु भन्नुभा' होइन र !" अभिनवले भन्यो ।

ऊ नयाँ ठाउँमा घुम्न असाध्यै मन पराउँदथ्यो । त्यसमाथि पनि आफ्नो कक्षा पाँचको पुस्तकमा मुक्तिनाथ र मुस्ताङको बारेमा पढेदेखि त उसलाई कहिले त्यहाँ पुगुँजस्तो भइरहेको थियो ।

सञ्जोगले अभिनवका बाबा अफिसबाट सरुवा भएर एक वर्षदेखि जोमसोममैं हुनुहुन्थ्यो । बाबा कृषिविकास अधिकारी हुनुहुन्थ्यो । त्यसैले जिल्लाभरिका गाउँघर घुमेर त्यहाँका किसानलाई खेतीपाती र फलफूल खेती गर्न सिकाउने, सघाउने गर्नुहुन्थ्यो ।

जोमसोम मुस्ताङ जिल्लाको सदरमुकामको नाम हो । जिल्लाका अड्डा-अदालत रहेको ठाउँलाई सदरमुकाम भन्दछन् । त्यहाँबाट मुक्तिनाथ पुग्न एकदिनको बाटो हिंड्नुपर्दथ्यो । त्यतातिरका मानिस भने एकै दिनमा पुगेर जोमसोम फर्कन सक्थे रे ।

घरमा अभिनव बाहेक हजुरबा, हजुरआमा, आमा र काकाकाकी हुनुहुन्थ्यो । नवीन र रविन काका अड्डामा काम गर्नुहुन्थ्यो, निसा र रीता काकी आमा र हजुरआमासँगै घरमै काम गर्नुहुन्थ्यो ।

अभिनवको पढाइ बिग्रने डरले बाबा एक्लै मुस्ताङ जानुभएको

थियो । अभिनव नयाँ ठाउँमा घुम्न असाध्यै मन पराउँछ भन्ने उहाँलाई थाहा थियो । नयाँ ठाउँमा घुम्दा धेरै नयाँ कुरा सिक्न सकिन्छ भनेर बाबा आफैं भन्नुहुन्थ्यो । त्यसैले केही दिनअघि यो पल्टको दशैं बिदामा अभिनवलाई लिएर आउनु भनी आमालाई चिट्ठी लेख्नुभएको थियो । केही दिन घुमेर दशैं मान्न आफू पनि सँगै घर आउने उहाँको योजना थियो । दशैं अगाडिको समय मुक्तिनाथ घुम्न सबैभन्दा राम्रो बेला भएकोले बाबाले यही समय छान्नुभएको रहेछ ।

"अभिनव मुस्ताङ जान कर गर्दै छ । उसको बाबाले पनि यसपालि ल्याउनु भनी चिट्ठी लेख्नुभएको थियो । स्कुल छुट्टी भइहाल्यो, पुऱ्याएर ल्याउँ कि ?" बेलुका सबैजना जम्मा भएपछि आमाले भन्नुभयो ।

"हुन्छ नि त, पुऱ्याएर ल्याऊ । उसको रहर पनि पुगोस्, नयाँ ठाउँ पनि हेरेर आओस् । बरु कहिले जान्छौ ?" हजुरबाले पनि अनुमति दिनुभयो ।

जान त जाऊ बुहारी, यो अलि चकचके छ । राम्ररी होस पुऱ्याउनू । हराउला, चोटपटक लाउला ।" सधैं आफूसँगै रहेको नाति बाहिर जानलाग्दा हजूरआमाले अलि पिर मान्दै भन्नुभयो ।

"हजूरआमा पिर नगर्नोस्, हामी चाँडै फर्किहाल्छौं नि । म चकचक



गर्दिन क्या, आमाबाबालाई पनि पिराउन्न ।" हजुरआमाले पिर गर्नुभएको देखेर अभिनवले भन्यो ।

"हजुर पिर नगर्नोस आमा, यसको मनखुसी गर्न म कहाँ दिन्छु र त्यसमाथि हामी चाँडै आइ हाल्छौं नि । बरु जाने कहिले र कसरी हो,त्यो पो मिलाउनु पऱ्यो, रविन बाबु ।" आमाले पनि हजूरआमालाई सम्झाउँदै भन्नुभयो ।

"तपाइँ चिन्तै नगर्नोस् न भाउजू, म भोलि नै आइतबारको लागि प्लेनको टिकट ल्याउँछु । बसबाट जाँदा धेरै हिंड्नुपर्छ, केटाकेटी लिएर तपाइँ जान सक्नुहुन्न । बरु आइतबारलाई हिंड्ने तयारी गर्नोस् । अभिनव, मनपर्दी गरेर आमालाई पिराउने चाहिँ होइन नि ! त्यसो हो भने त टिकटसिकट ल्याउन्न नि म, बुझ्यौ होइन ?" काकाले अभिनवलाई फेरि पनि संझाउँदै भन्नुभयो ।

आज शुक्रबार, पर्सि त बाबालाई भेट्न जोमसोम जाने ! खुसीले अभिनवको भुइँमा खुट्टा नै थिएन । ऊ रातभर राम्ररी निदाउन पनि सकेन । भोलि त साथीहरूसँग विदावारी पनि हुनुपर्छ ।

सधैं आमाले उठाउनु पर्ने अभिनव भोलिपल्ट आफैं सबेरै उठ्यो । चिया नास्ता गरेर ऊ साथीहरूलाई आफू भोलि मुस्ताङ जाने कुरा सुनाउन हिंड्यो ।

"होइन कहाँ गइराखेको यति अबेरसम्म ! भोक पनि लागेन कि कसो ?" ऊ अबेर गरेर फर्केकाले आमाले अलि रिसाएझैं गरी भन्नुभयो ।

"साथीहरूलाई भेट्न गएको, अलि अबेर भयो ।" अभिनवले डराउँदै जवाफ दियो ।

"ल...ल...खाना खाऊ । आफ्नो कति काम बाँकी छ । भोलि विहान सबेरै हिंडनुपर्छ । सरसामान मिलाउने काम पनि बाँकी नै छ ।" आमा फत्फताउँदै काममा लाग्नुभयो । काकीले उसलाई खाना खान दिनुभयो ।

कहिले भोलि होला भन्ने छट्पटीमा नैं उसले साँझ र रात बितायो ।

□□

# चिलगाडीमा सरर

"भोलि त चाँडै उठ्नु पर्छ नि अभिनव ! विहान सातै बजे एयरपोर्ट पुगिसक्नु पर्छ ।" काकाले हिजै राती भन्नुभएको थियो ।

जोमसोम विमानस्थलमा दिउँसो एघार-बाह्रबजे पछि जोडले हावा चलेर हवाइजहाज बस्नै सक्तोरहेनछ ! नेपाल आउने विदेशी पर्यटकहरूले स्वर्ग जस्तै ठान्ने मुस्ताङमा असाध्यै जोडको हावा चल्दो रहेछ । त्यो सुनेर उसले आफैंसँग भनेको थियो- १३७२ देखि ८१८७ मिटरसम्मका अग्ला ठाउँहरू भएको मुस्ताङमा हावा नचले कहाँ चलोस् त ! त्यसैले काठमाडौंको त्रिभुवन विमानस्थलबाट विहान आठै बजे त्यहाँ जाने हवाइजहाज उड्दो रहेछ । काकाले विहान साढे छ बजे नै ट्याक्सी ल्याइपुऱ्याउनु भयो ।

"ल .... राम्रोसँग जानू । जानासाथ फोन गरेर पुगेको खबर गर्नु नि । अघिपछि पनि बेलाबेलामा फोन गर्दै गर्नू ! अभिनव, चाँडै फर्कनु है बाबु । आमा-बाबालाई दुखः नदिनू । नौलोठाउँमा आफूखुसी यताउति नहिंड्नू !" हजुरबा-हजुरआमाले एकैसाथ भन्नुभयो ।

सबैसँग बिदावारी भई अभिनव आमा र काकासँगै ट्याक्सीमा त्रिभुवन विमानस्थलतिर लागे । काका उनीहरूलाई हवाइजहाज चढाउन सँगै जानुभएको थियो ।

ट्याक्सी अभिनवको घर कुपण्डोलबाट थापाथली हुँदै माइतीघरबाट अरनिको राजमार्गतिर लाग्यो । बिहान सबेरै भएकोले सडकमा मानिसहरू कमै मात्र देखिंन्थे । त्यसैले सुनसान सडक हुँदै ट्याक्सी नयाँ बानेश्वर, तीनकुने भएर एयरपोर्टतिर मोडियो । केही बेरमैं उनीहरू विमानस्थलभित्र पसे । विमानस्थलमा सामानहरू जँचाएर पास लिई अभिनव आमासँगै भित्रपटिको अर्को कोठामा गयो । हवाइजहाज चढ्ने बाहेक त्यो कोठामा अरू मानिसहरू पस्न पाउँदैनथे । त्यसैले काका बाहिरैबाट फर्कनुभयो ।



"सबैले आ-आफ्नो सिटमा रहेको पेटी बाँध्नोस्, अब विमान उड्दैछ ।" विमान भित्रकी परिचारिका दिदीले त्यसो भन्नुभएपछि आमाले उसलाइ पेटी बाँधिदिएर आफ्नो पनि बाँध्नुभयो ।

"पेटी किन बाँधेको आमा ?" अभिनवले नबुझ्केर सोध्यो ।

"हवाइजहाज उड्दा यताउता हल्लिन सक्छ, त्यसरी हल्लिंदा हुत्तिएर हामीलाई चोटपटक लाग्नसक्छ । यो बाँधेको पेटीले हुत्तिएर ठोक्किन दिंदैन, बुझ्यौ !" आमाले सम्झाउनु भयो ।

"आमा.... !" हवाइजहाज उड्नका लागि बेतोडले दौडिंन थालेपछि


अभिनव डरले करायो । त्यसमाथि घच्याक्क गर्दै जहाज जमिन छाडेर माथि आकाशतिर उड्न लाग्दा त अभिनवले डराएर आमालाई च्याप्पै समात्न पुग्यो ।

"नडराऊ न...., एक छिन आँखा चिम्म गर, डर त्यसै भाग्छ । बरु अघि तिमीलाई दिएको चकलेट खाऊ ।" आमाले सम्झाउनुभयो ।

प्लेनमा बसेपछि एकजना दिदीले सबै यात्रीलाई जस्तै उसलाई पनि चारवटा मीठो चक्लेट दिनुभएको थियो । त्यतिमात्रै होइन हवाइजहाज उड्दा त्यसको चर्को आवाजले कान दुख्छ भनेर कानमा राख्न कपास पनि दिनुभएको थियो । कपास चाहिँ आमाले नै उसको कानमा हावा नछिर्ने गरी राखिदिनुभएको थियो । आमाले भनेजस्तै ऊ चक्लेट मर्मरी चपाउन थाल्यो । त्यसो गर्दा आमाले मुख चलेर कान चर्किँदैन भन्नुभएको थियो । अब विस्तारै उसको डर कम हुँदैगयो । त्यस पछि त ऊ हवाइजहाजको झ्यालबाट बाहिर देखिएका दृश्य हेर्दै रमाउन पो थाल्यो ।

हवाइजहाज जति अक्कासिँदैं जान्थ्यो उसलाई उति आफू पनि बादलमाथि उडिरहेको जस्तो लाग्यो । आकाशबाट तल हेर्दा जमिनमा कतै नागबेली धर्साहरू देखिन्थे, कतै डाँडाकाँडा र बनजङ्गल । नदीको किनारै किनार सर्प हिंडेझैं नागबेली परेर सलल्ल बगेको देखिने त्यो पक्कै पोखरा जाने पृथ्वी राजमार्ग हुनुपर्छ, उसले अडकल काट्यो । अनि ती चाहिँ त्रिशुली, गण्डकी, सेती नदीहरू होलान् । हो रहेछ, आमासँग सोध्दा उहाँले ती नदीहरू एकएक गर्दै चिनाइ दिनुभयो । हवाइजहाजबाट आकाशमुनिको संसार हेरेर अभिनव चकित पऱ्यो- आहा कति रमाइलो ! कतै अग्ला डाँडा देखिन्छन्, कतै गहिरा खोंच र तिनै खोंचहरूबाट निस्किएका देखिने नदी, खोला र खहरेहरू ! कतै हरिया रुखहरूले ढाकेका रमाइला बनजंगल, कतै फुङ्ग उडेका राता-फुस्रा नाङ्गा डाँडाहरू ! अझ कतै बादलमाथि भएर प्लेन उडेको बेला त आफूभन्दा मुनि भुवादारी कपासको सागरमाथि उडिरहेको झैं लाग्ने !

आश्चर्यलाग्दा यी दृश्यहरू हेर्दाहेर्दै विमानले पोखरा नाघिसकेछ, परिचारिका दिदीले भनेपछि उनीहरूले थाहा पाए । पोखराबाट जति जति



उत्तरतिर लाग्यो हवाइजहाजबाट देखिने दृश्य उति नै झन् झन् रमाइलो हुँदै गयो । हिउँले ढाकिएका अग्लाअग्ला हिमालका चुचुराहरूमा घाम ठोक्किंदा सुनौलो रङ्ग पोतिएर असाध्यै राम्रा देखिएका थिए । जहाज जति उत्तरतर्फ लाग्थ्यो ती सुन्दर हिमालहरू उतिउति हातैले छोइएलानझैं नजिकै आएजस्ता देखिन्थे ।

"अब हामी जोमसोम एयरपोर्टमा उत्रिदैछौं, कृपया सबैले आ-आफ्नो सिटको पेटी बाँध्नुहोला" विमान परिचारिका दिदीले भनेपछि पो जोमसोम आइसकेको थाहा भयो । हेर्दाहेर्दै कतिबेला जोमसोम आइसकेछ, पत्तै भएन । नभन्दै केहीबेर पछि नै विमान आकाशबाट धरतीमा ओर्लियो । ओर्लेको केहीबेर पछि नै विमानको ढोका खुल्यो र एक एकजना गर्दै उनीहरू बाहिर निस्किए ।

□□

# बाबासँगको भेट

"बाबा !" विमानको ढोकाबाटै बाबालाई देखेर अभिनव एक्कासी चिच्यायो । आफूलाई असाध्यै माया गर्नु हुने बाबालाई धेरै समयपछि देख्दा ऊ खुसीले चिच्याउनु स्वाभाविकै थियो ।

"के उत्ताउलो भएको, लड्लास् ! अब आफ्नो बाबासँग भेट भैहाल्यो नि ।" आमाले भन्नुभए पछि मात्रै ऊ चुपो लागेको थियो ।

"म तिमीहरूलाई नै लिन आएको । अभिनव, कस्तो छ तिमीलाई ? अनि अञ्जु तिमीलाई नि ! घरमा बा-आमा सबैलाई सञ्चै छ होइन ?" बाबाले अभिनवको कपाल मुसार्दै मायालु स्वरमा भन्नुभयो । अभिनव बाबाको हात समातेर उभिइरह्यो ।

"सबैलाई सञ्चै छ । तपाईंलाई नि, राम्रै छ होइन ।" आमाले पनि बाबाको सञ्चोविसञ्चो सोध्नुभयो ।

दुई अग्ला पहाडको बीचमा पूर्व-पश्चिम लम्बिएर तेर्सिएको सम्म मैदान रहेछ जोमसोम विमानस्थल । कालीगण्डकी नदीको किनारको मैदानमा बनेको यो विमानस्थल नेपालमैं सबैभन्दा अग्लो ठाउँमा रहेको विमानस्थल भन्ने उसले कतै पढेको सम्झ्यो । यसको यो पक्की भवन चाहिँ मुस्ताङ महोत्सव- २०५८ को अवसरमा उद्घाटन भएको रहेछ । नेपालकै सबैभन्दा अग्लो ठाउँमा रहेको यो मुस्ताङको सदरमुकाम समुद्रभन्दा २७१० मिटर जति अग्लो ठाउँमा रहेछ !

"अभिनव, हेर त...ऊ त्यो हिमालको नाम नीलगिरि हो ! विमानस्थलको त्यहीं छेउबाट कालीगण्डकी नदी बगेको छ ।" बाबाले विमानस्थलको दक्षिणतिर देखाउँदै भन्नुभयो । त्यो हेर्दा जोमसोम र यो विमानस्थल दुवै नीलगिरि र कालीगण्डकीको काखमा थुपुक्क बसेको जस्तो देखिन्थ्यो- आमाको काखमा ज्ञानी भएर बसेकी सानी बहिनी बुना जस्तै ।

"आहा, कति रमाइलो ठाउँ ! बजार पनि विमानस्थलसँगै जोडिएको रहेछ, हगि बाबा ?" अभिनवले विमानस्थल बाहिरका घरहरू देखाउँदै भन्यो ।

"हो,बाबु... यो जोमसोमको नयाँ बस्ती हो । यो मैदानदेखि सुरु भएका घरहरूको दोहोरो लाम जोमसोमको पुरानो बजारसम्म पुग्छ । यो नयाँ बस्ती काटेर पुलको मुहानमा पुगेपछि मात्रै जोमसोमको पुरानो बस्ती भेटिन्छ, बुझ्यौ !" बाबाले एकएक कुरा उसले बुझ्ने गरी बताउनुभयो । बाबाले मुस्ताङ असाध्यै राम्रो छ भन्नुभएको थियो, अहिले आफ्नै आँखाले देखेपछि उसलाई पनि साँच्चै राम्रो लाग्यो ।

उनीहरू विमानस्थल बाहिर निस्के । ठूलो फराकिलो मूल बाटोको दायाँ-बायाँ दुवैतिर घरहरू बनेका थिए । केही घरहरू त काठमाडौंकै जस्तो- सिमेण्टी पोतेका, आधुनिक बङ्गलाजस्तै । यो बाटो जोमसोमको पुलवारिसम्म पुगेको रहेछ ।

सडक वारिपारिका घरहरूमा थरिथरीका साइनबोर्डहरू टाँगिएका देखिन्थे । साइनबोर्डहरू पढेर अभिनवले ती घरहरू कुनै अड्डा-अदालत, कुनै कर्मचारीहरू बस्ने आवास (क्वर्टर) र कुनै होटेल-पसलहरू रहेछन्



भन्ने बुझ्यो । यो ठाउँ उसलाई सफा सुघ्घर र रमाइलो लाग्यो ।

त्यही नयाँबस्तीको पल्लो छेउतिर बाबा बस्नुभएको घर रहेछ । अफिसकै मान्छेहरू बस्न भनी बनाएजस्तै । कोठाहरू फराकिला र प्रशस्त उज्यालो आउने खालका । घरको तल्लो तलामा अफिसमा बाबासँगै कामगर्ने बोगटी काकाको परिवार बस्दोरहेछ ।

घरभित्र पसेपछि आमाले सामानहरू मिलाएर राख्नुभयो । उनीहरू आउने भनेर बाबाले सुत्नेबस्ने ठाउँको सबै व्यवस्था मिलाइसक्नुभएको रहेछ ।

"तिमीहरूलाई भोक पनि लाग्यो होला, ल ... कपडा फेर । म खानेकुराको बन्दोबस्त मिलाएर आउँछु ।" बाबा त्यति भनेर बाहिर निस्कनुभयो ।

अभिनव आमासँगै लुगा फेरेर हातमुख धोइ ताजा भएर बस्यो । केही बेरमै बाबा फर्कनु भयो । अर्को एकजना मान्छे पनि बाबासँगै आउनुभयो । सँगै आउनुभएको मानिसको हातमा तीनवटा थाल थिए । उहाँले ती थाल हाम्रो अगाडि राखिदिनुभयो । थालमा मीठामीठा खानेकुरा थिए ।

"उहाँ को नि बाबा ?" अभिनवले सोध्यो ।

"ए.. उनी, उनी हाम्रै अफिसमा काम गर्ने रामप्रसाद । हाम्रै भान्सामा खान्छन्, खाना बनाएर हामीलाई मदत पनि गर्छन्, बुझ्यौ ! "बाबाले बताउनुभयो ।

"बाबुलाई भोक लागेको होला, पहिला खानेकुरा खानोस् अनि कुरा गरौंला नि कसो ! त्यसपछि मनलागे बाहिर घुम्न जाउँला ।" ती रामदाइ असाध्यै बेस रहेछन् । उनको मिज्यासिलो बोलीबचन र व्यवहार देखेर उसलाई धेरै खुसी लाग्यो ।

"आज थाकेको होलाउ, खाजा खाएर केहीबेर आराम गर । अलिबेर पछि यहीं नजिकै बजारतिर घुमुँला ।"बाबाले भन्नुभयो ।

खाजा खाएर केहीबेर आराम गरेपछि बाबाले बजार घुमाउन लैजानुभयो । आमा घरमैं बस्नुभयो । नयाँ मानिसहरूसँग भेटघाट गरेर



बजार घुमी ऊ बाबासँगै फर्कियो ।

नयाँ ठाउँ हेर्न र नयाँ मानिसहरूसँग भेटघाट गर्न पाएकोमा अभिनव असाध्यै खुसी थियो । नेपालकै सबैभन्दा उत्तरी सिमानाको यो जिल्ला मनाङ, डोल्पा, म्याग्दी र चीनको तिब्बतले घेरिएको रहेछ । यसको तीनै तर्फका जमिन तिब्बतसँग जोडिएको छ रे । मुस्ताङ जिल्लाको आधि भाग हिमालपारि र आधि वारि छ भनेको सुन्दा उसलाई अनौठो लाग्यो । नदीनालाले चिरेर बनाएका गल्छीहरू त उसले हवाइजहाजबाटै देखेको थियो । यस्ता गल्छी-पहिरोमध्ये थाप्ला गल्छी त संसारमैं सबैभन्दा गहिरो मानिन्छ रे ।

□□

# नयाँ साथी

"जोमसोमको पुरानो नाम जोङसाम्ब हो, बुझ्यौ अभिनव ?" नयाँ साथी सोमप्रसाद सेरचनले नयाँ कुरा सुनाए । उनका आमा र साथीहरूले उनलाई मायाले सोमु भन्ने गर्दा रहेछन । सोमुकी आमाले होटेल चलाउनुभएको रहेछ । होटेल ऊ बसेको घरछेउमै भएकोले उनीहरूको चिनजान भएर साथी बनेका थिए । सोमुका बाबा काठमाडौंमा व्यापार गर्नुहुन्छ रे । होटेल चाहिँ आमा र दिदीले चलाउनु हुँदोरहेछ ।

सोमुको कुराबाट अभिनवले जोमसोम भन्ने नाम जोङसाम्बबाट बिग्रिएर आएको रहेछ भन्ने बुझ्यो । जोङसाम्ब तिब्बती भाषाबाट बनेको नाम रहेछ । तिब्बती भाषामा नयाँ किल्लालाई जोङसाम्ब भन्दा रहेछन् । चारैतिरबाट घेरेर बाहिरको मान्छे पस्न नसक्ने गरी सुरक्षित बनाइएको ठाउँ वा घरलाई किल्ला भन्छन् भन्ने उसलाई थाहा थियो । यस्ता किल्ला कोट र गढी भनेर पनि चिनिन्छन् । अरूसँग लडाइँ झगडा हुँदा जोगिन वा आफ्नो ठाउँको सुरक्षा गर्न पहिला पहिलाका मानिसहरूले यस्तो किल्ला बनाउँथे । यो कुरा उसले सामाजिक शिक्षाको आजको नेपाल कसरी बन्यो भन्ने पाठ पढ्दा थाहा पाएको थियो । पृथ्वीनारायण शाह र त्यसभन्दा पछिका बहादुर सिपाहीहरूले टुक्राटुक्रामा बाँडिएका धेरै सानातिना राज्यहरूलाई गाभेर नेपाललाई कसरी एउटै बनाए भन्ने पाठमा यी कुराहरू लेखिएका थिए । त्यो पाठमा यस्ता किल्ला र गढीहरूको नाम लेखिएको थियो । जोमसोम पनि चारैतिर अग्ला अग्ला हिमाल, पहाडहरूले घेरेर प्रकृतिले नै बनाइदिएको किल्ला जस्तै देखिन्थ्यो ।

"बाबाले भन्नुभएको हाम्रो जोमसोमलाई पहिला ठिनी पनि भन्थे रे, बुझ्यौ । अहिले जोमसोम बजारको मास्तिर ठिनी नामको गाउँ र गुम्बा छँदैछ । बुद्ध धर्म मान्ने नेपालीहरू आफ्नो मन्दिरलाई गुम्बा भन्छन् । यी

गुम्बाहरूमा पढाउने पाठशालाहरू पनि छन् ।" सोमुबाट उसले धेरै कुरा थाहा पायो । मुस्ताङ जिल्लाभरि ठूलासाना ३९ वटा गुम्बा छन् रे । अभिनवले काठमाडौंमा पनि यस्ता गुम्बाहरू देखेको थियो । काठमाडौंमा स्वयम्भू, बौद्ध र कपन घुमाउँदा बाबाले गुम्बा देखाइदिनुभएको थियो । मुस्ताङ जिल्लाका सोह्र गाउँ विकास समितिमा पन्ध्र हजारजति मानिस बस्दारहेछन् । माथिल्लो मुस्ताङमा सात तल्लो मुस्ताङ भनिने जोमसोममा नौवटा गाउँ विकास समिति पर्दा रहेछन् । माथिल्लो मुस्ताङलाई लोमान्थाङ भनिंदोरहेछ । यहाँ १२ गाउँ रहेछन् ।

"तिमीलाई यस्ता पुरानो कुरा कसरी थाहा भयो, सोमु ?" अभिनवले सोध्यो ।

"मेरो बाबाले भन्नुभएको । बाबा घर आउनुभएको बेलामा मलाई यहाँका पुराना कुराहरू बताउनु हुन्छ, बुझ्यौ ! घुमाउन पनि लैजानुहुन्छ । हाम्रो पुर्ख्यौली ठाउँ भनें यहाँ होइन ।" सोमुले भन्यो ।

"के रे ? अनि तिम्रो मूल पुर्ख्यौली थलो कुन हो त ?" अभिनव छक्क पर्‍यो ।

"हाम्रो पुर्ख्यौली थलो थाक खोलाको कोवाङमा पर्छ । यो मुस्ताङ जिल्लाको नाउँ चलेको ठाउँ हो । यहाँबाट राम्ररी हिंड्न सक्ने मान्छे चार-पाँच घण्टामा पुग्नसक्छ । भ्यायौं भने पछि घुम्न जाउँला नि'हुन्न । जाने भए हामी घोडामा जाऔंला, कसो ? अहिले पारिको पुरानो बजारहेर्न जाने ?" सोमुले पुरानो जोमसोम बजार भएतिर देखाउँदै भन्यो ।

"हुन्छ नि, म त आएकै यस्तै नयाँनयाँ ठाउँहरू हेर्नें भनेर त हो नि !" अभिनव खुसी हुँदै भन्यो ।

अभिनव र सोमु नयाँ बस्तीबाट अघि बढे । नयाँ बस्ती काटेपछि पुल भेटियो । पुलभन्दा यतै सेनाको व्यारेक रहेछ । सरकारी अफिसहरू चाहिँ नदीपारि रहेछन् । त्यहाँ जान लामो झोलुङ्गे पुल बनाएको रहेछ । कालीगण्डकी नदीकोमाथि काठे पुल तरेर पारी गएपछि सम्म परेको अग्लो ठाउँमा पुरानो बजार देखियो । यो पुरानो जोमसोम बस्तीलाई नै झुम्सा शहरभन्दा रहेछन् ।



जोमसोमलाई पहिला पहिला झुम्सा भनिन्थ्यो रे । बजार सुरु हुनासाथ दुइटा गल्ली देखिए । ती ठूला गल्लीमध्ये एउटा पूर्वबाट पश्चिम र अर्को उत्तरबाट दक्षिणतिर लागेका थिए । दुवै गल्लीको किनारामा सेतो कमेरोले पोतेका मुण्डा घरहरू थिए ।

"हाम्रा घरमा त झ्याल-ढोका ठूला हुन्छन् । यहाँ किन यति साना हुँ ? अनि घर पनि सबै मुण्डा मात्रै पो देखिन्छन् ?" बजारभन्दा निकै पर गाउँमा पुगेपछि सडक पट्टि मात्र सानासाना झ्याल-ढोका भएका थेप्चा घर देखेर सोध्यो ।

"तिम्रो 'शहराँ'जस्तो हो र, हामीकहाँ त सधैं हावा चल्छ, जाडो हुन्छ । हिउँ पनि परिरहन्छ । त्यसैले यहाँ ठूला झ्याल-ढोका के काम ?

हिउँदमा हिउँले पुरिने भएकोले छाना पनि मुण्डै हुन्छ ।" सोमुले बेलीबिस्तार लायो ।

गल्ली फोहोर देखिन्थ्यो । बाटाभरि घोडा, खच्चर र भेडा आदिका गोबर-बड्कौंला देखिन्थे । सबैजसो घरका छानाको एक कुनामा राता, पहेंला, सेता ध्वजाहरू हावामा फर्फराइरहेका थिए । छतमा टम्म चाङ लाएर दाउरा राखेका देखिन्थे ।

"त्यो कपडामा के लेखेको नि ?" ध्वजाहरूमा अक्षर पनि लेखेको देखेर अभिनवले सोध्यो ।

"ए, त्यो, त्यो मन्त्र लेखेको हो ! तिब्बती अक्षरमा लेखेको भएर तिमीले नबुझेका हौ । त्यसमा बुद्धधर्म मान्नेहरूको मन्त्र ॐ मणि पद्मे हुँ लेखिएको हुन्छ । अरू पनि के के लेखेको हुन्छ भनेर बाबाले भन्नुहुन्थ्यो ।" आफूले जानेको कुरा सोमुले भन्यो ।

"म पढ्ने स्कुल यही हो, देख्यौ अभिनव !"त्यो गाउँबाट फर्केर उनीहरू शहरको उत्तरी भागमा पुगे । त्यहाँसम्म परेको मैदानमा रहेको स्कुल देखाएर सोमुले भन्यो । यो जिल्लामैं यहीमात्र एउटा हाइस्कुल रहेछ । यो जनहित माध्यमिक विद्यालय भर्खरै उच्चमाध्यमिक विद्यालय बनेको रहेछ ।

सोमुले अभिनवलाई झुम्सा शहरको एउटा घरमा लग्यो । त्यो उसको बजुको घर रहेछ । घरभित्र भुइँ र भित्ता रातोमाटोले सफासँग पोतिएको थियो । सफासँग टलक्क टल्किने गरी माझेका भाँडाकुँडा तखतामा राम्ररी तहलाएर राखिएका थिए । बजुले खाजा दिनुभयो । अभिनवले मीठो मानेर सोमुसँगै खाजा खायो ।

□□

# कागबेनीको उकालो

"भोलि मुक्तिनाथ दर्शन गर्न जाने । विहान अलि चाडै हिड्नुपर्छ, अब सुत ।" बेलुका भात खाएर केहीबेर कुराकानी गरेपछि बाबाले भन्नुभएको थियो ।

"हुन्छ बाबा, म भोलि बिहानै उठ्छु । बाबा, सोमुलाई पनि लैजाउँ न हुन्न ?" अभिनवले बाबासँग अनुरोध गरेको थियो ।

"तिमी यसै भन्छौ भन्ने मलाई पहिल्यै थाहा थियो । त्यसैले मैले उसलाई भनिसकेको छु ।" बाबाको कुरा सुनेर उसलाई असाध्यै खुसी लाग्यो-आहा बाबा मलाई कति माया गर्नुहुन्छ ।

आमा र उसको लागि भनेर बाबाले दुईवटा घोडाको पनि व्यवस्था गर्नुभएको रहेछ । उनीहरू बिहान सबेरै मुक्तिनाथ जान हिंडे । साथमा सोमु र रामप्रसाद पनि थिए । नुहाएपछि फेर्न चाहिने लुगा र अरू केही सामानको झोला घोडाले बोक्यो । आमा घोडामा चढ्नुभयो । पहिले त उहाँ घोडा चढ्न मान्दै मान्नुभएको थिएन । आमाको घुँडा दुख्ने रोग भएकोले हिंडेर जान नसक्नेहुँदा कर गरेपछि बल्ल मान्नुभयो ।

"बाबा, अहिले हिंड्छु, नसके मात्रै घोडा चढौंला हुन्न ?" अभिनवले भन्यो ।


"ठीक छ नि त, केहीबेर हिंड्नु, केही बेर चढ्नू । अञ्जुले पनि त्यसै गरे हुन्छ ।" बाबाले अभिनवको अनुरोध मान्नुभयो ।

अभिनवको टोली मुक्तिनाथ यात्रामा हिंड्यो । झुम्सा अर्थात् पुरानो जोमसोमको जनहित माध्यमिक विद्यालय रहेको मैदान छाडेपछि बगरै बगरको बाटो आयो । बाटामा मुक्तिनाथ जानेआउनेको दोहोरो ताँती थियो । नेपालीहरू भन्दा बढी विदेशी देखिन्थे । उनीहरूको सामान बोक्ने भरिया र बाटो देखाउने चाहिं नेपाली थिए । विदेशीहरू सरकारले खटाएको

नेपालीलाई साथ नलिई यतातिर एक्लै घुम्न पाउँदा रहेनछन् ।

"के को आवाज हो यो ?" पर कतै घण्टी बजेको टिङ्... टिङ्.. सुनेर अभिनव छक्क पऱ्यो ।

"घोडा र खच्चरको लाम आउँदैछ, तिनैको आवाज हो । परको छेकोमा रहेकाले नदेखिएका, केही बेरमैं हामी छेउ आइपुग्छन् । त्यो लाम आउँदा छेउलाग्नु नि है, नत्र माथि उकालोतिर त घच्याडेर लडाइदिन पनि



बेर मान्दैनन्" सोमुले बतायो । सोमु र अभिनव अरूभन्दा केही अगाडि थिए ।

नभन्दै केही बेरमै नेपाली र विदेशीहरूसँगै घोडा र खच्चरको लाम आइपुग्यो । ती सबैको घाँटीमा घण्टी झुण्ड्याइएका थिए । अझ कुनै कुनैको टाउकोमा त रङ्गीचङ्गी कपडाले सिंगारेको देखिन्थ्यो । आफूले कहिल्यै नदेखेका त्यस्ता कुरा देख्न पाउँदा अभिनव असाध्यै खुसी थियो । यिनीहरू कालीगण्डकीको तीरैतीर बगरको ढुङ्ग्यान घोडेटो बाटो हुँदै अघि बढे । सबेरै भएकोले हावा त्यति जोरले चलिसकेको थिएन । तैपनि बगरको ढुङ्गा र बालुवामा हिंड्न असजिलो थियो । बाटोको बायाँतिर कालीगण्डकी आफ्नो सुरमा बगिरहेको थियो । नदीपारि सुनौला माटाका अग्ला-अग्ला भिराला पहाडहरू असाध्यै राम्रा देखिन्थे । उनीहरू माथिको पहाड पनि त्यस्तै । सिधै माथि चढेका अग्ला ठाडे भीर खसेर थिच्लान जस्ता । विस्तारै हावा अलिअलि चल्न थाल्यो । हावासँगै ती ठाडा अग्ला भीरबाट बालुवा, माटो र सानासाना ढुङ्गाहरू पनि उडेर झरिरहेका थिए ।

विहान आठबजे जोमसोमबाट हिंडेको, बाह्र बजेतिर एउटा बस्ती नजिकै पुगियो । जतिजति दिन चढ्दै गयो हावा पनि उत्ति नै जोडले चल्न थाल्यो । हावाले अगाडि धकेलेर हुत्याउँथ्यो । हावाको बेग जति बढ्थ्यो त्यति नै हिंड्न असजिलो भएको थियो । हिंड्न रमाइलो लागेकोले सोमुले घोडा चढ्न भन्दा पनि उसले मानेन ।

त्यो देखिएको बस्तीभन्दा यतैको झोलुङ्गे पुललाई छाडेर उनीहरू नदी वारिकै बाटो अघि बढे । बाटैमा एकजना बूढी आमा र सानी दिदी स्याउ बेचिरहेका थिए । बाबाले आठदश दाना स्याउ किन्नुभयो । पहेंला सुनजस्तै देखिने स्याउ रूपियाँ गोटा ! जोमसोम बजारमै यस्ता स्याउ पन्ध्र रूपियाँ किलोमा पाइने । यही स्याउ काठमाडौंमा साठी रूपियाँ केजीभन्दा कममा पाइँदैनथ्यो । स्याउ पनि कति मीठा, कति रसिला ।

बेही बेरमा त्यो अघि देखिएको बजारमा पुगियो । त्यो ठाउँलाई एक्लेभट्टी भन्दा रहेछन् । सके कुनै बेला त्यो ठाउँमा एउटा मात्रै भट्टी पसल थियो होला, अभिनवले अनुमान लगायो । यो ठाउँ समुद्र सतहभन्दा

२७४० मिटर अग्लोमा रहेछ । यस हिसाबले जोमसोमबाट यहाँसम्म आइपुग्दा चालीस मिटरमात्र उकालो चढिएछ । त्यहाँ चियासिया खाएर एकछिन थकाइ मारेपछि उनीहरू फेरि अगाडि बढे । बाटाभरि कतै हरिया रुखबोट देखिएनन् । बोटबिरुवाका नाउँमा अग्ला भिर-पाखामा एक डेढ फिटसम्मका भुइँथाकलका बुट्यानहरू मात्र !

केही समय हिंडेपछि दुइवटा बाटा देखापरे । एउटा सिधै केही उकालो बगरैबगरको बाटो, अर्को बगरबाट छुट्टिएर ठाडै माथि चढेको उकालो । त्यो उकालो बाटो मुक्तिनाथ पुग्ने छोटो बाटो रहेछ । तल्लो तेर्सो बाटो चाहिँ कागबेनी भन्ने ठाउँ भएर मुक्तिनाथ पुग्दोरहेछ ।

"आएको बेला कागबेनी पनि पुग्नुपर्छ, फेरि आउन पाइने हो, होइन कसलाई थाहा छ र !" बाबाको कुन बाटो जाने भन्ने प्रश्नमा आमाले कागबेनी गएर मुक्तिनाथ जाने इच्छा गर्नुभयो । त्यसपछि हामी फेरि केही उकालो बगरको बाटोभएर अघि बढ्यौं । बाबा र रामप्रसाद बगरैभरि सालिग्राम खोज्दै हुनुहुन्थ्यो । कालीगण्डकीको बगरमा जताततै सालिग्राम भेटिंदो रहेछ । हिन्दुहरूले देउता मानेर पूजा गर्ने सालिग्राम त्यतैबाट ल्याइएका रहेछन् । अभिनवको घरमा पनि कुनैमा शंख, कुनैमा चक्र, कुनैमा सूर्य आदि चित्रहरू देखिने सालिग्राम थिए । हजुरबा, बाबा र काकाहरू सधैं तिनको पूजा गर्नुहुन्थ्यो । करोडौं वर्ष अघि मरेका जीवजन्तुहरू पुरिएर चट्टानमै मिसिंदा तिनका आकार ढुंगामा कुँदिएर यस्ता अनौठा बुट्टा र आकृति बन्दछन् रे । उसले यस्तै पढेको थियो ।

एक्लेभट्टीबाट हिंडेको डेढ घण्टामा केही उकालो, केही तेर्सो बाटो हुँदै कागबेनी आइपुगे । एक्लेभट्टीभन्दा साठी मिटरमात्र अग्लोमा रहेको कागबेनीमा हावा असाध्यै जोडले चलिरहेको थियो । लज र होटेलका गुचमुच्च बस्तीको मुनिबाट कालीगण्डकी बगिरहेको थियो । उनीहरू त्यही कालगण्डकीको कागबेनी तीर्थ मानिने बगरमा झरे, हावा झनै जोडले चलिरहेको थियो । चिसोले पानीमा हात हाल्नै नसकिने-हिउँ जस्तै !

त्यहाँबाट उक्लेर माथि बस्तीको एउटा होटेलमा चियाखाजा खाएर केहीबेर सुस्ताएपछि फेरि उकालो लागे । अब भने बाटो साँच्चिकै उकालो

र असजिलो थियो । बेतोडले चलेको हावा, त्यो पनि अगाडिबाट पछाडि धकेल्दै । त्यसमाथि छिनछिनमा आइरहने घोडा र खच्चरको दोहोरो लस्कर । धकेलेर तलै खसालीदेलान् भन्ने डर । हावाले धूलो र मसिनो बालुवा उडाएर आँखा हेर्नै नदिने । घोडामा भएकोले अभिनवलाई चाहिं यताउता हेर्न असजिलो भएन । हिंड्न हौसिने अभिनवको चुरिफुरी अगाडि नै सकिएकोले ऊ घोडामा चढिसकको थियो । सोमु भने बडो मज्जाले हिंडिरहेको देखिन्थ्यो । बाटोपारि सुनैसुनको पहाडझैं देखिने डाँडाहरूको बीचका पहराहरूमा जताततै खोपिल्टै खोपिल्टाहरू देखिन्थे । ती खोपाहरूबाट चिल, गिद्ध र कागहरू उड्दै आउने जाने गरिरहेका थिए । यताका काग त हेर्दा पनि अर्कै, कराएका पनिं अर्कै सुनिने-अभिनवलाई अनौठो लाग्यो ।

निकै थाकेर बेलुका सातबजेतिर उनीहरू बल्ल झारकोट भन्ने ठाउँमा पुगें । बास बसेको प्रकाश लजमा उसले नयाँ साथीहरू पनि बनायो । ती दुई दिदीभाइ कासाङ र छेवाङ असाध्यै असल रहेछन् । छेवाङ जोमसोममा पढ्दोरहेछ, कासाङ चाहिँ होटेलमै आमालाई सघाउने । त्यो सुनेर अभिनवलाई कस्तोकस्तो लाग्यो । छोरोलाई पढ्न पठाउने, छोरीलाई चाहिँ काम सघाउनुपर्छ भनेर घरैमा राख्ने ! कासाङसँग कुरा गर्दा ऊ पनि पढ्न चाहन्थी भन्ने अभिनवले बुझेको थियो । थाकेकाले उनीहरू खाना खाएर चाँडै नै सुते ।

□□

# मुक्तिनाथको मन्दिर

असाध्यै जाडो भए पनि होटेलमा चाहिने जति न्यानो ओढ्ने ओछ्याउने दिएकोले अभिनवलाई राम्रैसँग निद्रा पऱ्यो । बाबाले नउठाउनु भएको भए अभिनव अबेरसम्मै सुत्ने थियो । बिहान सबेरै मुक्तिनाथको दर्शन गर्न जाने सल्लाह भएकोले जाडो मानीमानी भए पनि ऊ चाँडै नै उठ्यो ।

"ल... मैले चिया बनाइदिएकी छु सेलाउला फेरि । खानोस् है बाजे !" हातमुख धोएर बिहानका सबै काम सक्नासाथ कासाङ कोठामैं चिया लिएर आइनन् । कासाङको त्यो जाँगर देखेर सबै खुसी भए । अभिनवलाई त झन खुसी लाग्यो । याति टाढा, नचिनेको ठाउँमा त्यस्तो जाडोमा बिहानै तातो चिया ख्वाउने साथी पाएपछि किन खुसी नहोस् ।

"धन्यवाद, कासाङ । यति सबेरै तातो चिया खान दियौ ।" बाबाले भन्नुभयो । अभिनवले पनि नयाँ साथी कासाङलाई धेरै धन्यवाद भन्यो ।

होटेलबाट केहीबेर तेर्सो बाटो हिंडेपछि उकालो सुरु भयो । असाध्यै चिसो थियो । बाटो पनि उकालो भएकोले उनीहरू बिस्तारै हिंडे । हिउँको चिसो सिरेटोले हात झर्ला जस्तो हुन्थ्यो । बाटो पातलो हिउँले भिजेको थियो । कतैकतै झारपातमा बाक्लो हिउँ जमेको देखिन्थ्यो । उनीहरू चिसो र उकालोले गर्दा बल्लबल्ल रानीपौवा पुगे । मुक्तिनाथको काखैमा रहेको यो बस्तीमा ठूलाठूला लज र होटेलहरू देख्दा अभिनव छक्कै पऱ्यो । बस्ती पनि बाक्लै थियो । उत्तर र पूर्वतिरको खुला ठाउँमा हिउँले ढाकेका अग्लाअग्ला हिमालहरू एकदमै नजिक देखिन्थे । जाडो र हिउँको चिसोले कठ्याङ्ग्रिए पनि अभिनवलाई रानीपौवा असाध्यै रमाइलो लाग्यो । यो ठाउँ झारकोटभन्दा डेढसय मिटरजति अग्लोमा रहेछ । त्यहाँबाट केही मिटर उक्लेपछि मुक्तिनाथको मन्दिर पुगिन्थ्यो ।

दर्शन गरेर फर्कने र दर्शन गर्न जानेहरूको दोहोरो लाम थियो ।

हिजै रानीपौवा बास बस्नेहरू दर्शन सकेर फर्कंदै थिए । रानीपौवाभन्दा तलै बास बस्नेहरू भने उनीहरूरूजस्तै दर्शन गर्न उकालो चढ्दै थिए । रानीपौवाभन्दा माथितिर ऊनीका ओढ्ने-पछ्यौरा, नीला, हरिया, राता पत्थरका गहना र सालिग्रामहरू बेच्न बसेका मुस्ताङ्गीहरू देखिन्थे । उनीहरू बाटामा सामान फिंजाएर बेच्न बसेका थिए । त्यहीं रानी पौवा र मुक्तिनाथ मन्दिरको बीचतिर हेलिकोप्टर बस्ने ठाउँ पनि रहेछ । मानिसहरू हेलिकोप्टर चढेर पनि आउँदा रहेछन् । त्यतिबेला भने कुनै हेलिकोप्टर देखिएन ।

साढे नौ बजेतिर बल्ल अभिनवहरू मुक्तिनाथ मन्दिरको सुन्दर बगैंचा पस्ने ढोकामा पुगें । त्यहाँबाट केहीमाथि उक्लिएपछि समुद्री सतहबाट ३८०२ मिटर अग्लोमा रहेको मुक्तिनाथको मन्दिर भेटियो । यहाँ हिन्दु र बुद्धधर्म मान्ने दुवैथरी मानिसले आ-आफ्नै देउता मानेर पूजाआजा गर्दा रहेछन् । पुजारी पनि बुद्धधर्म मान्ने आनी र हिन्दु पुरोहित दुबैथरी हुँदारहेछन् ।

"आनी भनेको के हो नि सोमु ?" लजमा आनीहरूलाई देखे पछि अभिनवले हिजै राती सोमुसँग सोधेको थियो ।

"सानैदेखि गुम्बा पसेर धर्मकर्म गरी बस्ने स्वास्नीमान्छेलाई आनी र त्यसै गर्ने लोग्नेमान्छेलाई लामा भन्छन् ।" सोमुले भनेको थियो । यतातिर बुद्धधर्म मान्नेहरू आफ्ना माहिला छोरा र माहिली छोरीलाई सानैमा गुम्बा पठाएर धर्मकर्ममा लगाउँदा रहेछन् । यस्ता आनी र लामाहरूले बिबाह नगरी गुम्बा र मठमन्दिरहरूमा पूजाआजा, धर्मकर्म र पुरोहितले जस्तै गाउँका मानिसहको धार्मिक कामहरू गराउँदा रहेछन् ।

मन्दिरपछाडि १०८ धारा देखिए । सबैबाट पानीको ठूलो धारो खसिरहेको थियो । पानी असाध्यै चिसो भएकोले अभिनवले धारोमा हात थाप्न पनि सकेन । आमाले भने त्यस्तो चिसो पानीमा पनि सबै धारामा पानी थाप्दै नुहाउनुभयो । त्यो देखेर बाबा पनि आमा विरामी पर्ने डरले चिन्तित देखिनुभएको थियो ।

मुक्तिनाथलाई हिन्दुहरू विष्णु मान्दा रहेछन् । बुद्धधर्म मान्नेहरू



भने यही मूर्तिलाई बुद्ध मानेर भनेर पूज्दा रहेछन् ।

"भगवानको मूर्तिमुनि गहिरो कुण्ड छ रे नि ! त्यहाँ हात हाल्दा केही नकेही पाइन्छ रे भन्थे, कता होला ?" मुक्तिनाथको दर्शन गर्दा आमाले सोध्नुभयो । पुजारीले त्यो ठाउँ देखाइदिएपछि आमाले कुण्डमा हात

हाल्नुभयो । नभन्दै उहाँले त्यो कुण्डभित्र एउटा स्याउ फेला पार्नुभयो । सँगै दर्शन गरिरहेका अर्का एकजनाले भने केही फेला पारेनन् । मुक्तिनाथको पूजा गर्दा चढाएका फलफूल, भेटी, गरगहनामध्ये हातहाल्दा केही नकेही भेटिने होला । ती अर्का मानिसले हात हाल्दा त्यहाँ केही नभएकोले फेला पार्न सकेनन्-अभिनवले आफ्नो तर्क सुनायो ।

"तैंले भनेर हुन्छ, खुसी भएमात्रै भगवानको यस्तो प्रसाद पाइन्छ रे ! तेरा बाबुछोरालाई विश्वास भए पो यस्तो कुरामा ।" अभिनवको कुरामा बाबाले पनि सही थाप्नुभएपछि आमाले केही रिसाएर भन्नुभयो ।

"कहिले बनेको होला यो मन्दिर ?" अभिनवलाई खुल्दुली लागेकोले सोधिहाल्यो ।

"मन्दिर त कहिले बन्यो यकिन छैन, पूजाआजा भने रणबहादुर शाहले वि.सं. १८५५ देखि गुठी राखेर सुरु गराएका हुन् ।" मन्दिरका पुजारी नारायणदत्त सुवेदीले अभिनवको प्रश्नको जवाफ दिए । यहाँ हिउँदमा बाक्लै हिउँ परेर असाध्यै जाडो हुनेहुँदा पहिलापहिला हरेक वर्ष चैत महिनाको औंशीदेखि असोजसम्म छ महिना मात्रै पूजा हुन्थ्यो रे । हिउँदमा मानिसहरू बस्नै मुस्किल भएकोले यस्तो चलन चलाएको रहेछ । २०२१ सालदेखि भने बाह्रै महिना पूजाआजा हुन थालेछ ।

मुक्तिनाथको मन्दिरपछि उनीहरू त्यहाँभन्दा केहीमाथिको अर्कै मन्दिरमा गए । त्यो मन्दिरमा चाहिँ आनीले मात्र पूजा गर्दिरहिछन् । यो मन्दिरका देउतालाई हिन्दूहरूले नरसिंह अवतार र बुद्धधर्म मान्नेहले पद्मनाभ बुद्ध, गुरु ढाक्पो, गुरु रिम्पोछे जस्ता विभिन्न नामबाट पूजा गर्दा रहेछन् ।

अभिनवहरू त्यहाँको दर्शन सकेर उत्तरतिर लागे । केही पर पहाडको फेदीमैं ढुङ्गाको सानो मन्दिरजस्तोमा एउटा ओढारजस्तो देखियो । पातालगंगा भनेको त्यही रहेछ । त्यहाँ कान थापेर सुन्दा भित्र पानी बगेको जस्तै कलकल आवाज आइरहेको थियो । त्यहींको जमिनमुनिबाट कालीनदी बगेको रहेछ । पछि गण्डकीसँग मिसिएपछि मात्रै यसलाई कालीगण्डकी भनिंदोरहेछ । कालीगण्डकी यहींबाट उत्पत्ति भएको रहेछ ।

त्यहाँबाट केही पर गएपछि अर्को मन्दिर देखियो- ज्वालामाइको



मन्दिर । हिन्दूहरूले शिव र बुद्ध धर्म मान्नेहरूले बुद्ध मानेर पूजा गर्दा रहेछन् । मन्दिरमा मूर्तिको तल छेउको गहिरो अँध्यारो गुफामा नीलो बत्तीको ज्वाला बलिरहेको थियो ।

"यो बलेको ग्याँस त होला नि, होइन बाबा ?" त्यो ज्वाला देखेपछि अभिनवले सोध्यो ।

"हो, बाबु, यो बलेको पानीसागै मिसिएर आएको ग्याँस हुनुपर्छ । कुनै कुनै ठाउँको जमिनमुनि बग्ने पानीमा ग्याँस मिसिएको पाइन्छ । यो ज्वाला कहिलेदेखि बल्न थालेको हो भन्ने चाहिँ कसैलाई पनि थाहा छैन रे । मानिसले देखेदेखि नै यसरी कहिले ननिभी बलिरहेको छ रे" बाबाले भन्नुभयो । अभिनवले काठमाडौंका पनि कोटेश्वर, टेकु आदि ठाउँमा जमिन मुनि यस्तै ग्याँस फेला परेको कुरा सुनेको थियो ।

मुक्तिनाथ र अरू सबै ठाउँ घुमेर उनीहरू ओरालो झरे । रानीपौवाको एउटा होटेलमा चिया र खाजा खाएर झारकोट आए । कासाङको होटेलमा खाना खाएर अभिव र आमा घोडामा र अरू हिंड्रै जोमसोम फर्के ।

□□

# राक्षस र वनमान्छेका कुरा

"ए आइपुग्यौ ! हामीलाई कत्रो पिर, तिमीलाई भने घुम्न पाए केही चाहिँदैन । कहाँ गएको यति अबेरसम्म !" अभिनव खेलेर घर फर्कन केही अबेर भएको थियो । घर आइपुग्नासाथ आमाले केही रिसाए झैंगरी भन्नुभयो । साँझ परिसकेको थियो ।

"आमा... खेल्दाखेल्दै अबेर भएछ !" अभिनवले मायालाग्दो स्वरमा भन्यो ।

"ल... हातमुख धोएर आऊ, खाजा खान परेन । भोक पनि त लागेको होला नि ! बरु सोमुलाई पनि बोलाउनू, उसलाई पनि त भोक लाग्यो होला !" आमाले खानेकुरा ठिक्क पारेर राख्नुभएको रहेछ । बाबा अर्को गाउँमा जानुभएकोले अझै फर्कनुभएको रहेनछ ।

"हन... के गर्न लाग्नुभा'छ ? सोमु र यी नानी त एकै आँतका जस्ता पो छन्, एकछिन साथ छोड्दैनन् पो । ?" सोमुकी आमाले कोठामा पस्दै भन्नुभयो ।

"त्यै त दिदी, हेर्नोस् न, घर गएपछि पनि सोमुलाई नै पो खोज्ला जस्तो छ यसले त !" आमाले पनि हाँसेर भन्नुभयो ।

"हो त, यिनीहरू त असाध्यै पो मिलेका छन् त । बरु हिजो आज बाहिर के के हल्ला सुनिन्छ अलि चाँडै घर फर्कनु, जता पायो उता नजानू भन्नुपर्ला ।" सोमुकी आमाको कुराले आमा र अभिनव दुवै अलमल्ल परे ।

"होइन, के हल्ला सुन्नुभयो बाहिर ? मैले त कुरै बुझिन नि, कि केही उपद्रो गरेर आए यिनीहरूले ?" आमाले अलि डराउँदै सोध्नुभयो ।

"त्यस्तो केही होइन, हिजो पनि घुम्न आ'को एउटा विदेशी मरिरहेको फेला परेछ । पारि कता हो गुफातिर राक्षस आ'छ रे भन्छन् । कोही चाहिँ वनमान्छे रे पनि भन्छन् । त्यै राक्षस हो कि वनमान्छेले मारेको रे । अस्तिनै पनि धेरैपल्ट यस्तै भा'थ्यो । त्यसैले यिनीहरूलाई पनि राक्षसले

भेट्ला, टाढातिर नजानू भन्न आएकी नि !" सोमुकी आमाले भन्नुभयो ।

"लौ न नि, हो र ! अभिनव, सुन्यौ तिमीले । भैगो अब यताउता जान बन्द, केही गरी त्यो राक्षसले फेला पारिहाल्यो भने !" आमा पनि डराउनुभयो ।"

"ख्वै सबै त्यसै भन्छन्, केपो हो !" सोमुकी आमाले भन्नुभयो ।

"हाम्रो सरले त राक्षस भन्ने केही पनि हुँदैन भन्नुभाथ्यो नि त आमा ! यो राक्षस साक्षस भनेको त तर्साउने कुरा मात्रै हो रे । बनमान्छे आउन पनि खोइ र यहाँ वनजङ्गल !" अभिनवले स्कुलमा गुरुले बताउनुभएको कुरा सुनायो ।

"ए अभिनव आइपुग्यो । ह्वैन के कुरा हुँदैछ तिमी आमा छोराको ... ? भाउजु पनि पो हुनुहुँदोरहेछ, के गफ भइरहेको छ कुन्नि !" बाबा पनि आइपुग्नुभयो ।

"के हुनु नि, अबेर-अबेरसम्म घुम्न हिंड्छ तपाईंको छोरो । राक्षसले हो कि वनमान्छेले हो कतिजना गोरालाई मारिसक्यो रे, दिदीले भन्नुभएको । तपाईंको छोरो भने पटक्कै पत्याउने होइन ।" आमाले रिसाएझैं गरेर भन्नुभयो ।

"मैले त स्कुलमा सरले भन्नुभएको कुरा पो सुनाएको त आमा !" उसले भन्यो ।



"यसमा रिसाउनुपर्ने कुरै के छ र ? अभिनवको कुरा अलिकति मैले पनि आउँदाआउँदै सुनेको थिएँ । उसले स्कुलमा सुनेको कुरा नै त सुनाएको हो नि । उसको गुरुले भन्नुभएको ठीकै त हो, राक्षस भन्ने कुरै हुँदैन, जसले अरूलाई हानि पुऱ्याउँछ त्यही राक्षस हो ! अरु राक्षस भन्ने हुँदैन, बुझ्यौ ! वनमान्छे भन्ने कुरा पनि कसरी पत्याउने !" बाबाले अभिनवको कुराको समर्थन गर्नुभयो ।

"ह्वैन, हजुर ती फिरङ्गीलाई त राक्षसले नै मारेको भन्छन् त ।" सोमुकी आमाले भन्नुभयो ।

"त्यसो होइन भाउजु, त्यो त कि कुरा नबुझ्नेहरूले फिंजाएको हल्ला हो, कि राक्षसको हल्ला फैलाएर बद्मासहरूले आफूलाई बद्मासी गर्न सजिलो पार्न खोजेका हुन् । त्यो हल्ला त मैले पनि नसुनेको कहाँ हुँ र ।" बाबाले सम्झाउनु भयो ।

"तपाईं नै जान्नोस् यस्ता कुरा ! उसै त छोरो घरमा बस्न मनै गर्दैन, झन तपाईंको आड पाएपछि के गर्नोस् हामीलाई ।" आमाको अझै चित्त बुझेको थिएन ।

"नरिसाऊ न.... घुम्नै भनेर त यहाँ आएको हो नि ऊ, होइन त ! घुमोस् न त, घुमे पो नयाँनयाँ ठाउँ देख्छ, नयाँनयाँ कुरा जान्दछ । त्यो पनि त ज्ञान नै हो नि । सोमुसँग कत्ति मिल्छ ऊ । दुवै मिलेर खेल्छन्, घुम्छन् राम्रै छ नि । कसो भाउजु ?" बाबाले दुवै जनालाई फेरि सम्झाउनु भयो ।

"ख्वै, मलाई त अझै डर लागेको छ । खेल्न, टाढा टाढा चाहिँ नजानू नि है बाबु । म सोमुलाई पनि त्यसै भन्छु ।" सोमुकी आमाले भन्नुभयो ।

"हुन्छ ठूलोआमा, हामी टाढा जाँदैनौं ।" उसले विश्वास दिलायो ।

"नडराउनुहोस्, केटाकेटीलाई डराइदिनु हुँदैन । ल भोलि विहान खाना खाएर खेल्न जानु ।" बाबाले त्यसो भन्नु भएपछि अभिनव र सोमुकी आमाको पनि चित्त बुझ्यो ।

□□

# गुफा छेउमा लुकामारी

भोलिपल्ट विहानभरि अभिनव कतै निस्केन । सोमु पनि आमालई सघाएर बस्यो । खाना खाएपछि आमासँग सोधर मात्रै सोमुसँगै बाहिर डुल्न निस्कियो । पहिले त आमाले जा भन्नुभएन, पछि बाबाले सम्झाउनुभएपछि बल्लबल्ल उसलाई खेल्न पठाउन मान्नुभएको थियो । हिजो राक्षस र वनमान्छेको कुरा सुनेदेखि आमा डराइरहनुभएको थियो । सोमुकी आमा पनि डराउनुभएको रहेछ । नजिकै घुमेर चाँडै घर फर्कने भनेपछि बल्ल निस्कन दिनु भएछ ।

"अभिनव, यी मेरा साथी हुन् । आज हामी सँगै घुम्ने र खेल्ने भनेर मैल बोलाएको ।" आज सोमुसँग अरू तीनजना साथीहरू पनि देखिए । ती स्कुलमा सोमुसँगै पढ्ने साथी रहेछन् । सोमुले उनीहरू आफ्ना असाध्यै मिल्ने साथी भएको पनि बतायो ।

"ओ हो झनै रमाइलो हुने भयो । मेरो नाम अभिनव हो, काठमाडौंबाट तिमीहरूको ठाउँ हेर्न भनी आएको । साथीहरूको नाम केहो नि ?" अभिनवले खुसी हुँदै भन्यो ।

"हामीलाई सोमुले सबै कुरा भनिसके । मेरो नाम मंगला हो, यो मेरो भाइ आइतहादुर र यिनी बिर्खबहादुर । अरुकुरा त सोमुले भनिहाले !" मंगलाले सबैको परिचय दिइन् ।

"हामीलाई आइते र बिर्खे भनेहुन्छ, पूरा नामभन्दा तिमीलाई असजिलो होला ।" आइतेले अभिनवलाई सजिलो होस् भनेर भन्यो ।

आज बाटोपारि डाँडा छेउको चौरमा लुकामारी खेल्ने सल्लाह भयो । चौरमा पुगेपछि पहिले अरू लुके, अभिनवले डुम भएर उनीहरूलाई खोजीखोजी छुँदै उनीहरूलाई नै डुम बनायो । बिर्खे डुम थियो, अभिनव उसले फेला नपारोस् भनेर अलि टाढा डाँडोतिर लुक्न गयो । छेउको सानो ढिस्कोमा

राम्रो लुक्ने ठाउँ नदेखेर अभिनव त्यो भन्दा परको ठूलो पहरोतिर लाग्यो । त्यहाँ बाक्ला झाडी पनि भएकोले हत्पत्ति कसैले देख्न सक्तैनथ्यो । अभिनवको एउटै ध्याउन्ना थियो, आज कसैले पनि नदेख्ने गरी लुकेर सबैलाई छकाउने ।

त्यही धूनमा ऊ झाडी पन्छाउँदै भित्रभित्र पस्यो । आफू निकै टाढा पुगिसकेको पनि उसले पत्तो पाएन । झाडी पन्छाउँदै जाँदा ऊ त्यो पहराको फेदीमै पुग्यो । पहरो चट्टानै चट्टानजस्तो देखिन्थ्यो । उसका आँखा पहराको फेदीमैं नदेखिने गरी झासझुसले छोपेको एउटा खाल्डोमा पऱ्यो ।

"सोमु, तिमी पनि यतै आयौ ?" अभिनवले आफ्नो पछाडि सोमुलाई पनि आएको देखेर छक्क पर्दै भन्यो ।

"तिमी यता आएको देखेर म पनि साथ लागेको नि । नौलो मान्छे फेरि हराउला भनेर.....!" सोमुले आफू पछि पछि आएको कारण बतायो ।

"ओहो, के होला यो ? जनावर बस्ने ओढार पो हो कि ! कतै बाघको गुफा रहेछ भने !" अभिनव डराएरभन्यो । फर्कनै आँटेको मात्र के थियो ऊ चिप्लिएर त्यही खाल्डोमा खस्यो ।

"अभिनव.... के भयो तिमिलाई... !" अभिनव त्यसरी खाल्डोभित्र खसेको देखेर सोमु करायो । खाल्डो मात्र भएको भए त्यहीं टुङ्गिनुपर्ने, तर त्यो त सुरुङजस्तै त्यहाँबाट अगाडि दुलो परेको देखियो । तै बाघभालुको खोर होइनरहेछ, नत्र त झम्टिसक्थे ! अभिनवले मनमनै सोच्यो र उसको मनबाट केही भए पनि डर हरायो ।

"सोमु, यहाँ त सुरूङजस्तो पो देखिन्छ ! आऊ त हेरौं ।" बाहिरबाट सोमु आत्तिएर चिच्याएको मसिनो आवाज सुनेर अभिनवले ठूलो स्वरमा भन्यो ।

अभिनवको कुरा सुनेर सोमुलाई पनि भित्र गएर हेर्न मन लाग्यो । ऊ पनि खाल्डोभित्र हाम फाल्यो । उनीहरू अलि अगाडि बढे । केही अगाडि बढ्नासाथ त्यहाँभित्र डरलाग्दो आवाज सुनियो । अभिनव त्यो आवाज सुनेर आत्तिदै चिच्यायो-आमा..... !

त्यतिनैखेर सोमुले एउटा चमेरो सुरुङको माथि छतमा झुण्डिरहेको देख्यो ।

"नडराऊ, यो चमेरो उड्दा निस्केको आवाज हो ।" सुरुङको छतमा

झुण्डिएको चमेरोलाई देखाउँदै सोमुले भनेपछि बल्ल उसको होस फर्क्यो । त्यसरी डराएको देखेर लाज पनि लाग्यो । उसले सोच्यो-हो, पक्कै यही चमेरो उड्दा आएको हुनुपर्छ त्यो डरलाग्दो आवाज । उसलाई थाहा थियो, सुनसान र सजिलैसँग बाहिर जान नसक्ने ठाउँमा आवाज ठोक्किंदा गुञ्जिएर ठूलो सुनिन्छ । उसले विज्ञानमा आवाजको प्रतिध्वनि बारेमा पढेको थियो । दिनमा भन्दा सुनसान रातमा अरू किसिमका आवाज नआउने हुँदा सानो स्वरमा बोले पनि ठूलो सुनिन्छ भन्ने उसलाई थाहा थियो ।

गुफाभित्र साँच्चिकै डरलाग्दो थियो । चमेराहरू भित्रैसम्म छतमा झुण्डिएका देखिन्थे । गुफाको भित्ता चिसो थियो । भुइँ भने भित्ताभन्दा केही सुख्खा देखिन्थ्यो ।

"जाऊँ, हिंड फर्कौं । यस्तो गुफामा डरलाग्दा जनावरहरू पनि हुन सक्छन् । साथीहरू पनि हामीलाई नभेटेर आत्तिन थालिसके होलान् ।" सोमुले फर्कन भन्यो ।

"पर्ख न... अलि परसम्म त हेरौं । अनि फर्कौंला नि हुन्न ?" अभिनवललाई त्यो गुफा राम्ररी हेर्ने रहर थियो । अभिनवलाई मात्रै होइन, त्यो गफा हेर्ने इच्छा सोमलाई पनि उत्तिकै थियो ।





"यसो गरौं न त... आज होइन भोलि गुफा राम्ररी हेरौंला कसो ? बरु भोलि कसैलाई पनि थाहा नदिई हामी दुईजना मात्र चाँडै गरी आउँला हुन्न । आज बाहिर साथीहरू पनि हामीलाई फेला नपारेर आत्तिँदै होलान् । भित्र अँध्यारो हुनसक्छ, भोलि टर्चबत्ती र खाजासाजा पनि लिएर आउँला नि । दिनभरि घुमेर यो गुफा हेरौंला, हुन्न ।" सोमुको कुरा उसलाई ठीकै लाग्यो ।

उनीहरू त्यो गुफाबाट विस्तारै माथि उक्ले । माथि उक्लन खाल्डोको भित्तामा खोपिल्टाहरू पनि रहेछन् । त्यो देखेर त्यहाँ अरू मानिस पनि आउने जाने गरेको हुनुपर्छ भन्ने अनुमान लगाए । माथि आएर गुफाको मुखलाई पहिले जस्तै झासझुसले थाहा नहुने गरी छोपिदिए ।

"कहाँ हराएका तिमीहरू... हामीले कत्ति खोज्यौं । केही सिप नलागेर हिंड्नै लागेका थियौं, हामी त ।" उनीहरूलाई देखेर साथीहरू खुसी हुँदै भने । साथीहरूलाई पनि सबै कुरा नभनेर उनीहरू घर फर्के ।

□□

# गुफाको यात्रा

गुफाभित्र गएर नयाँ नयाँ कुरा हेर्ने लोभले अभिनव र सोमु दुवैजना रातभर राम्ररी निदाउन पनि सकेनन् । जसोतसो रात बित्यो । विहानैदेखि दुवैजनाले मिलेर एउटा झोलामा आवश्यक लागेका कुराहरू राखे । ती सामानमा नयाँ ब्याट्री भएका टर्चलाइट, मैनबत्ती र सलाईको बट्टा, सानो चक्कू र खाजाको साथै अरू कुराहरू थिए । उनीहरूले आफ्नो योजनाका बारेमा कसैलाई पनि थाहा दिएनन् । घरमा थाहा भएमा आमाले जान दिनुहुन्न भन्ने डरले त्यसो गरेका थिए ।

भात खाएर उनीहरू घरमा नजिकै खेल्न जाने भनी हिंडे । आमालाई त्यसरी सबै कुरा नबताई हिंडेकोमा अभिनव र सोमु दुवैलाई आफूहरूले राम्रो नगरेको भन्ने नलागेको होइन, तर गुफा हेर्ने रहरले गर्दा उनीहरूले बताउन सकेनन् ।

"हामीले आमालाई ढाँटेर राम्रो गरेनौं हगि सोमु ! यसरी कहिल्यै झूठो बोलेको थिइन !" अभिनवले पश्चाताप मान्दै भन्यो ।

"हो त... आमालाई सबै कुरा नबताएर हामीले राम्रो गरेनौं । तर के गर्नु, थाहा पाएको भए हामीलाई यसरी आउन पनि त दिनुहुने थिएन नि, होइन ? कि फर्कने त !" सोमुलाई पनि राम्रो लागेको थिएन ।

"अब आइहालियो, गुफा हेर्न पनि त कति मन लागेको छ नि । बरु फर्केपछि आमासँग माफी मागौंला, हुन्न ?" अभिनवले त्यसो भने पछि दुवैले त्यसमा सहमति जनाए ।

अब उनीहरूको लक्ष्य त्यही हिजो देखेको गुफा थियो । उनीहरू सरासर त्यही गुफा भएको चौरमा गए । गुफाको मुखको झासझुस पन्छाएर होशियारीपूर्वक भित्र पसे ।

"अरू कोही यो गुफाको मुख खुला देखेरे भित्र आउने हुन् कि, के

गर्ने ?" अभिनवले शंका गर्‍यो ।

"हो... तिमीले ठीकै भन्यौ । यही खुड्किलोमा उभिएर माथिको झासझुसले गुफाको मुखलाई नदेखिने गरी छोपौं, बुझ्यौ ।" सोमुले उपाय निकाल्यो । सोमुले खुड्किलोमो उभिएर बाहिरको हाँगाबिंगा र झासझुस तानेर गुफाको मुख नदेखिने गरी छोप्यो । उनीहरू गुफाभित्र पसे । सुरुमा त उनीहरूलाई देखेर यताउता उड्का चमेराको आवाजले डर पनि लाग्यो । तर चमेराहरूले केही नगरेपछि बिस्तारै डर हराउँदै गयो ।

गुफाको मुखको छेउछाउमा लेउ, झ्याउ, ढुसी र यस्तै थोरै झारपात जस्ता वनस्पति मात्र देखिए । घाम नपस्ने भएकोले गुफाभित्र हरिया झारपात देखिँदैनथे । तर केही भित्र पुगेपछि ती झ्याउ र ढुसी पनि देखिन छाडे । सुरुमा देखिएका फट्याङ्ग्रा र यस्तै साना कीराहरू पनि अब देखिएनन् ।

"गुफाभित्र डरलाग्दा जनावरहरू होलान् भन्ने डर लागेको थियो, यहाँ त केही पनि पो देखिएन त । कतै भित्रतिर पो लुकेका छन् कि !" सोमुको मनमा अझै डर हराएको थिएन ।

"डराउनु पर्दैन, गुफाको मुखतिर छेउछाउमा मात्रै ससाना जीव र वनस्पति हुर्कन सक्छन्, भित्र हुँदैनन् रे ! किताबमा पढेको कुरा झुठो त होइन होला नि !" अभिनवले आफूले घरमा हजुबाले किनेर ल्याइदिनुभएको भूगोलसम्बन्धी अनौठा-अनौठा कुराहरू भएको किताबमा पढेको कुरा सम्झेर भन्यो ।

"हो र भन्या.... यस्ता कुरा तिमीलाई धेरै थाहा छ जस्तो छ । हामीकहाँ त स्कुलमा पढ्ने पुस्तक बाहेक अरू केही पढ्नै पाइँदैन । किन्ने ठाउँ पनि छैन । कहिलेकाहीँ बाबाले काठमाडौंबाट चित्रकथाका पुस्तक किनेर ल्याइदिनुहुन्छ, त्यसमा यस्ता कुरा पाइँदैनन् ।" सोमुले आफूले दुखेसो पोख्यो ।

"पर्ख... म घर गएपछि मैले पढिसकेका त्यस्ता भूगोल, विज्ञान, स्वास्थ्य आदिका किताब बाबाको हातमा पठाइदिउँला, हुन्न ! तिमी पनि त आउलाउ नि काठमाडौं । त्यति बेला हाम्रो घरमा पनि आउन नबिर्सनू नि ।" अभिनवले भन्यो ।

"अनि गुफा कस्ता जीव र वनस्पति हुन्छन् त अभिनव ?" सोमुलाई अभिनवका कुरा असाध्यै रमाइलो लागेर सोध्यो ।

"गुफाको मुखतिर र केही भित्र दुई किसिमका जीव पाइन्छन् रे ।



एकथरी गुफाभित्रै मात्र बस्ने, अर्काथरी चाहिँ गुफाभित्र र बाहिर दुवैतिर बस्ने । गुफाभित्र मात्र बस्नेमा गुफेफट्याँङ्ग्रा र गुफामा पाइने एक थरी माछा हुन्छन् रे । तिनलाई अंग्रेजीमा केभ क्रिकेट र केभ फिस भन्दा रहेछन । गुफाभित्र मात्र बस्ने यस्ता जीव चाहिँ अन्धा हुन्छन् रे । त्यसैले तिनीहरू आँखाले हेरेर होइन, शरीरले छोएर वा स्पर्शले थाहा पाउँछन् रे ।" अभिनवले आफूले जानेको कुरा बताइदियो ।

"अनि के खाएर बाँच्छन् त ती कीराफट्याङ्ग्रा !" सोमुलाई अचम्म लाग्यो ।

"भित्र-बाहिर आवतजावत गर्नेलाई त समस्यै भएन, बाहिरै खाना खोजेर खाइहाल्छन् । भित्रै मात्र बस्नेले चाहिँ गुफाभित्रै पाइने अति साना जीव र झारपात कुहिएर बनेका कुरा खोजेर खान्छन् रे । यस्ता अति साना जीवलाई सूक्ष्म जीव तत्व (माइक्रो अर्गानिजम) र झारपात, घाँसपात, मरेका र कुहिएका जीवलाई जैविक पदार्थ (अर्गानिक म्याटर) भन्छन् । यो कुरा त तिम्रो विज्ञानको पाठमा पनि होला, छैन ? यस्ता झारपात र मरेका जीवलाई पानीले बगाएर गुफाभित्र लैजाने गर्छ रे ।" आफूले जानेको कुरा अभिनवले बुझ्ने गरी बताइदियो ।

ओहो... तिमीलाई त कत्ति कुरा थाहा रहेछ । चमेरो नि...चमेरो... यसको बारेमा त केही बताएनौ ।" अभिनवको जानकारी देखेर सोमुले भन्यो ।

"चमेरा आराम गर्नका लागि गुफामा बस्छन् रे ! हिउँदमा असाध्यै जाडो हुँदा पनि यिनीहरू जाडोबाट बच्न गुफाभित्र बस्छन् । चमेराहरू हिउँदभरि नै मरेसरि भएर गुफाभित्र बस्छन् रे । यसरी बस्ने कामलाई निष्क्रिय अवधि (हाइबरनेसन पिरियड)भन्दा रहेछन् । यस्तो बेला यिनलाई केही खानपिउन पनि पर्दोरहेनछ । अघिपछि आराम गर्न गुफामा बसेका बेलामा भने यिनीहरू गुफा बाहिर गई खानेकुरा खोजेर खान्छन रे ।" अभिनवले जानेका कुरा बताइदियो ।

"धेरै पहिले मानिसहरू पनि गुफामा बस्थे । यसको बारेमा म तिमीलाई किताब पठाइदिउँला, अनि पढ्नू है ।" कुरा गर्दागर्दै उनीहरू निकै भित्र पुगिसकेछन् । समयको पनि पत्तो भएन । भित्र पस्दै जाँदा उज्यालो कम हुँदै गयो ।

"सोमु..... हेर त ... !" अभिनवले आश्चर्य मान्दै गुफाको अगाडितिर देखाएर भन्यो । त्यहाँको दृश्य देखेर सोमु चकित पर्‍यो- ओहो... गुफाभित्र मन्दिर !

□□

# गुफाभित्रको मन्दिर

गुफाको निकैभित्र पुगेपछि केही फराकिलो ठाउँ भेटियो । त्यो ठाउँमा गुफाको छतबाट पानी रसाएर थोपाथोपा चुहिरहेको थियो । भित्तामा मूर्ति जस्तै विभिन्न आकार देखिए । भित्ताका साथै गुफाको भुइँदेखि छानोसम्मै ढुङ्गा कुँदेर बनाएका राम्रा मूर्तिहरू जस्तै अनौठा आकृतिहरू देखिन्थे । कतै गुफाको छानो अड्याउन ठड्याएको खम्वाजस्तै ढुङ्गाका लामा खाँबाहरू जमिनदेखि छानोसम्मै ठडिएका थिएं । कतै गुफाको माथि छानोबाट तलतिर र कतै तलबाट माथितिर ढुङ्गा टुसाएझैं चोसा निस्किएका थिए ।

"यो त मन्दिरजस्तो पो छ त, अभिनव ! पूजा गरेको चाहिँ देखिँदैन, कस्तो अचम्म हगि ?" सोमु छक्कै पऱ्यो ।

"यो गुफा पक्कै पनि यहाँका मानिसले नदेखेको हुनुपर्छ, बुझ्यौ सोमु ! नत्र त मानिसहरू पूजाआजा र दर्शन गर्न आउनु पर्ने नि !" त्यहाँको दृश्य देखेर अभिनव पनि चकित थियो । उनीहरू बडो चाख मानेर ती मूर्ति र आकृतिहरू हेर्न थाले ।

"कसले बनायो होला यो अनकण्टार ठाउँमा यस्ता मूर्तिहरू ! मूर्तिहरू पनि कति राम्रा !" सोमुको जिज्ञासा मिसिएको प्रश्नले अभिनवलाई उसले घरमा पढेको भूगोलका कुरा सम्झाइदियो ।

"मलाई त यो गुफा र यी मूर्तिहरू मानिसले बनाएजस्तो लाग्दैन, आफैं बनेको हुनुपर्छ बुझ्यौ । मानिसले बनाएको भए त कसै न कसैलाई थाहा भइहाल्थ्यो नि, कसो ?" अभिनवले अनुमान सुनायो ।

"यी हेर त, मान्छेका पाइला ! मान्छेकै जुत्ताको पाइलो होइन त यो ?" सोमुले भुइँतिर देखाउँदै भन्यो ।

"हो त.... यहाँ कोही न कोही हामीभन्दा पहिले आइसकेको हुनुपर्छ ।

नत्र भुइँमा जुत्ताको डोब कताबाट बस्थ्यो ।" अभिनव र सोमु दुबै आश्चर्यमा परे ।

त्यो गुफाको मन्दिरसम्म मानिसको पाइला देखेर आश्चर्य लागे पनि उसले अभिनवसँग आफ्नो मनमा अघिदेखि लागेको कुरा सोध्यो- गुफा र यी ढुङ्गाका मूर्तिहरू आफैं बनेका होलान् भनेका थियौ नि, आफैं पनि बन्छन् र यस्ता कुरा । ख्वै म त तिम्रो कुरै बुझ्दिन ।

"मैले भूगोलको किताबमा पढेको । धेरै धेरै वर्षसम्म पानीले माटो, चुनढुङ्गा पगालेर बगाउँदा यस्ता गुफा आफैं पनि बन्छन् रे । अनि यस्ता गुफभित्र पानीमा बगेर आएका चुनहरू लेदो भई थेग्रिएर जम्दै जाँदा मूर्तिजस्ता चित्र आफसे आफ बन्दै जान्छन् भन्ने पनि लेखेको थियो त्यो किताबमा !" अभिनवले सुनायो ।


"खोई मलाई त पत्यारै लागेन । कहिल्यै नसुन्या कुरा भएर होला पत्यार गर्ने गाह्रो ?" सोमुले उसको कुरा पत्याउनै सकेको थिएन ।

"यस्तो हुन्छ कि हुँदैन, त्यो त मलाई पनि थाहा छैन । तर भूगोलजस्तो किताबमा नभएको कुरा त कसरी लेख्लान् र ? त्यसैले मलाई चाहिँ पूरै विश्वास छ बुझ्यौ सोमु !" अभिनवको यो भनाइले सोमुलाई अब भने त्यो कुरा बेठीक होइन होला भन्ने लाग्यो ।

सोमुको शंका मेटाउन उसले आफूले पढेर गुफाको बारेमा जानेका सबै कुरा बतायो-प्रकृति आफैंले बनाएका धेरैजसो गुफा पानीमा माटो र चुनजस्तो कमला ढुङ्गा पग्लेर बनेका हुन् रे । पानीले ती कमला चुनढुंगा र माटो बगाएपछि जमिन खोक्रो हुँदै जान्छ, त्यो त हामीलाई पनि थाहै छ । जमिन सयौं वर्ष खेक्रिँदै गएपछि यस्ता ठूलाठूला गुफा बन्छन् रे । त्यसैले धेरै पानी पर्ने र चुनढुङ्गा पाइने ठाउँमा यस्ता गुफाहरू पाइन्छन् । यस्ता ठाउँका जमिन र जमिनको पानीमा कार्वन डायोअक्साइड र एसिड भन्ने अमिलो तत्त्व रहन्छ । यस्तो पानीले ढुङ्गालाई कमलो तुल्याएर विस्तारै पगाल्छ र वर्षौंवर्ष यसरी पग्लिंदा जमिन खोक्रो हुँदै गुफाको आकार लिँदै जान्छ रे, बुझ्यौ ? यस बाहेक पानी ठोक्किंदा पनि माटो र चुन ढुङ्गा पग्लेर गुफा बन्छ । कमलो माटो र ढुङ्गा जति बग्छ, साह्रो चाहिँ नपग्लेर

बग्दैन । यसले गर्दा ठूलो गुफाभित्र अरू साना ठूला गुफाजस्तै कोठा देखिन्छ । यहाँ पनि त्यस्तै कोठाजस्तै साना गुफा हुन बेर छैन ।

"यहाँ त धेरै पानी नै पर्दैन .......!" सोमुलाई अझै राम्ररी चित्त



बुझेको थिएन ।

"यो मात्रै होइन अरू कारणबाट पनि गुफा बन्छन् रे क्या !" सोमुले आफ्नो कुरामा पत्यार नगरेको देखेर उसले भन्यो ।

"के हो नि गुफा बन्ने अर्को तरिका ?" सोमुको अर्को जिज्ञासा थियो ।

"जमिन वा पृथ्वीको सतह र पहाडको चर्केको भागबाट नदीहरूभित्र

छिर्ने गर्छन रे । त्यसरी पसेका नदीहरू माथिबाट वेगले बग्दा त्यहाँका माटो-ढुङ्गा बगाउँछन् । माटो-ढुङ्गा बगेपछि त्यो खोक्रो ठाउँ सुरुङ बन्छ । अनि धेरै वर्षपछि नदीको किनारा अर्थात रिभर बेड होच्चिँदै गएर गहिरो हुन्छ । नदीले माटो-ढुङ्गा बगाएर बनाएको सुरुङ वा गुफा चाहिँ माथि अग्लोमैं रहन्छ । दक्षिण-पश्चिम अमेरिकामा यसरी नै बनेका धेरै गुफा फेला परेका छन् रे ! अहिलेको इतिहास सुरु हुनुभन्दा अगाडि अमेरिकाका पुराना वासिन्दा अर्थात् आदिबासी मानिसहरू त्यस्तै गुफामा बस्थे भन्ने प्रमाण समेत फेला परेको छ रे, बुझ्यौ सोमु ! त्यसरी गुफाभित्र घर बनाएर बस्ने मानिसलाई गुफाबासी अर्थात क्लिफ वा केभ ड्वेलर भनिन्छ रे । यहाँ धेरै पानी नपर्ने भएकोले यो गुफा यही पछिल्लो कारणबाट बनेको हुन सक्तैन र ।" अभिनवले तर्क गर्‍यो ।

"यो कुरा त ठीकै होला, तर यस्ता मूर्तिहरू आफैं कसरी बने होला !" सोमुले अझै पूरै मात्रामा चित्त बुझाउन सकेन ।

"भूगोलमा पढेअनुसार त पुराना गुफाहरूमा मूर्तिजस्तै देखिने यस्ता चित्र आफैं बन्छन् रे । ऊ गुफाको माथि हेर त । पानीको थोपाजस्तै देखिन्छ नि, देख्यौ ? यस्तो पानीले माटो, चुनढुङ्गा आदि पगाल्दै ल्याउँछ । पग्लेका चुन र माटो मिली लेदो थेग्रिनी बनेर जम्दै जान्छ । यस्तो थेग्रिनीलाई क्याल्सियम कार्बोनेट भन्दारहेछन् । यसरी बगेर आएको वा माथिबाट चुहिएको थेग्रिनी जम्दै जोडिँदै जाँदा बुट्टा र चित्र बन्दै जान्छन् र हामीले जस्तो कल्पना गर्छौं त्यस्तै देखिन्छ ! मैले पनि पढेकै कुरा हो, अरू त के थाहा र ।" अभिनवले बुझाउने कोसिस गर्‍यो ।

"यस्तायस्ता खम्बा कसरी बने त, त्यसो भए ?" अब सोमुलाई पनि यस्तो हुन सक्छ भन्ने लाग्न थालेको थियो । यी नयाँ कुरा सुनेर उसलाई रमाइलो पनि लाग्यो । सोमुको जिज्ञासा अरू बढ्यो ।

"धेरै कुरा त मलाई पनि थाहा छैन । मैले पढेर जानेअनुसार गुफाको माथि छतबाट थोपाथोपा गरी चुहिने पानीले त्यो छतको चुनढुङ्गा पगाल्छ । त्यसरी पग्लेको थिग्रेनी अर्थात क्याल्सियम कार्बोनेट थोपाथोपा हुँदै तल जमिनतिर एकअर्कासँग जोडिँदै जान्छन् । त्यसरी नै जमिनबाट



पानीले पगालेर थिग्रिनी बनाएको चुनढुङ्गा जमिनमा थिग्रिँदै जमेर खम्बाजस्तै अग्लो हुँदै माथि माथि जान्छ । त्यसरी बढ्दै जाँदा माथि र तलबाट अएका दुइटै जोडिंदा यस्तो खम्बा बन्छन् रे !" सामुको जिज्ञासा देखेर अभिनवले आफूले जानेका कुरा बतायो ।

"तिमीलाई कति धेरै कुराथाहा छ हगि ! हामी त यस्तो अनकण्टार ठाउँमा बसेका छौं, कहाँबाट पढ्न पाउनु र जान्नु यस्ता कुरा !" सोमुको भनाइमा आफूले यस्ता कुरा पढ्न नपाएकोमा चित्त दुखाइ थियो ।

"सोमु चित्त नदुखाऊ, म घर गएपछि बाबाको हातमा मैले पढेका पुस्तक र पत्रिकाहरू पठाइदिन्छु, त्यही पढ्नु नि । चिट्ठी लेखेर पनि यस्ता कुरामा छलफल गरौंला नि कसो ?" अभिनवले सम्झायो । हुन पनि काठमाडौंमा जस्तो यहाँ न राम्रा-राम्रा स्कुल थिए, न त चाहेको किताब पत्रपत्रिका नै किनेर पढ्न पाउने सुविधा थियो । उसको जस्तै राम्रो स्कुलमा पढ्न र पाठशालामा पढाउने बाहेकका राम्रा राम्रा पुस्तकहरू पढ्न पाएको भए सोमु पनि त धेरै कुरा थाहा पाउन सक्थ्यो होला ! कैले आउला सोमुजस्ताका लागि राम्रो स्कुलमा पढ्न र राम्रा-राम्रा कुरा पढ्न पाउने समय । अभिनव यस्तै कुरा सोचिरहेको थियो !

□□

# भित्री गुफामा सामानको थुप्रो

"हेरत अभिनव मन्दिरको पछाडि पनि बाटो रहेछ" हो रहेछ, मन्दिर पछाडिबाट एउटा बाटो अझ अगाडि गएको देखिन्थ्यो । गुफाभित्रको त्यो मन्दिर र मूर्तिहरूको बारेमा कुरा गर्दागर्दै कति समय वित्यो पत्तै भएन । त्यहाँका अनौठा कुराहरूले उनीहरूलाई चकित बनाइरहेको थियो । त्यस्तोमा फेरि अर्को बाटो देख्दा अरू जिज्ञासा बढ्नु स्वाभाविक थियो ।

"जाऊँ न त केही अलिभित्रसम्म गएर हेरौं ।" अभिनवले प्रस्ताव राख्यो ।

"यहाँसम्म आएपछि हेरौं न त !" सोमुलाई पनि त्यहीँबाट फर्कन मन थिएन ।

त्यहाँको आश्चर्य लाग्दा कुराहरू हेर्दै उनीहरू मूर्तिजस्ता आकृतिहरूलाई दायाँ पारेर अघि बढे । बाटो साँघुरो थियो, दुईजना सँगसँगै हिंड्न समेत नपुग्ने । जति भित्र गयो उति अँध्यारो हुँदै गयो । घरबाट ल्याएको टर्चलाईट बालेर उनीहरू अघि बढे ।

"सोमु हेर त, यहाँ पनि भुइँमा जुत्ताको छाप देखिन्छ ।" अभिनवले टर्चको उज्यालो देखाउँदै भन्यो । गुफामा पस्नुभन्दा अघिदेखि नै अनौठा-अनौठा कुरा देखिएका थिए । गुफा बाहिरका ककारामा कौवा र अरू चराहरू देखिए, गुफाभित्र चमेराहरूले तर्साए ! अभिनवले आफ्नो घारतिर देखेको कौवाभन्दा ती कौवाहरू अर्कै खालका थिए, कराएको पनि अर्कै सुनिने । अझ कतै कतै ककारामा त ठूलाठूला चिल र गिद्ध पनि देखिएका थिए । अहिले यस्तो अनकण्टार गुफाभित्र मानिसको पाइला देख्दा अरू आश्चर्य लाग्नु स्वाभाविक थियो ।

"हो त, यो जुत्ताकै डोब हो ! यस्तो ठाउँमा को आयो होला हगि ? हाम्रो जोमसोमका मानिसलाई त यो गुफाको बारेमा थाहा छैन । थाहा



भएको भए त पूजा गर्न आउँथे होलान् । यहाँ आउने मानिसले यसको बारेमा किन केही नबताएका होलान् । पक्कै यी राम्रा मानिस होइनन्, बुझ्यौ अभिनव !" पाइलाको चिन्ह हेर्दै सोमुले आफ्नो विचार बतायो । बाहिर मन्दिरजस्तो ठाउँदेखि यतिभित्र जुत्ताको छाप देखेर उनीहरूलाई अलिअलि डर पनि लाग्यो ।

यस्तो गुफा र गुफाभित्रको यो मन्दिरको बारेमा थाहा पाएर पनि किन ती मान्छेले गाउँमा कुनै कुरा गरेन ? किन कसैलाई केही थाहा दिएन ? के रहस्य होला यसमा ? उनीहरू दुवैजनाको मनमा यस्तै प्रश्न उठिरहेका थिए ।

"कतै बद्‌मासहरूको बद्‌मासी गर्ने गोप्य अड्डा त त होइन यो ? नत्र...!" अभिनवको दिमागमा अनेकौं कुरा खेलिरहेका थिए । उसले आफूले पढेको एउटा उपन्यासको गुफा र त्यो गुफामा लुकेर अपराध गर्ने बद्‌मासहरूको कथा पनि सम्झ्यो ।

"त्यस्तै हो र तिनले हामीलाई देखे भने मार्न पनि बेर लाउँदैनन् होला हगि !" सोमु अब निकै डराएजस्तो देखिन्थ्यो ।

"नडराऊ न । हामीसँग के छ र हामीलाई मार्न । तर होस चाहिँ पुऱ्याउनुपर्छ । आवाज ननिकाली लुक्दै अघि बढौं । यहाँसम्म आइसकेपछि यो रहस्य के रहेछ, नबुझी त कसरी फर्कनु, भन त !" अभिनवले सम्झायो । अभिनवको कुराले सोमुको डर केही हट्यो, अभिनवको अघिल्तिर ऊ आफूलाई डरछेवा भनाउन पनि चाहँदैनथ्यो । त्यसैले उसले आफूभित्र हिम्मत बढायो ।

अभिनवलाई पनि मनमा भित्र कताकतां डर नलागेको होइन, तर त्यहाँभित्र के रहेछ र ती रहस्यमय पाइलाहरू कहाँसम्म पुगेका रहेछन् भन्ने रहस्य जान्ने इच्छा त्यो डरभन्दा बलियो थियो । अभिनव टर्चको उज्यालो देखाउँदै अघि लाग्यो । सोमुलाई पनि त्यस्तै थियो । दुवैजना आवाज ननिकाली बडो होशियार भएर अघि बढे । बाटो साँघुरो र होचो पनि थियो । त्यहाँ कोही रहेछ भने टर्चको उज्यालोमा देख्लान् भन्ने उनीहरूलाई डर थियो । त्यसैले अभिनव टर्च पनि बडो होस पुऱ्याएर बालिरहेको थियो ।

"सोमु हेर, बाटो त दुईतिर पो फाट्यो ! कता लाग्ने अब ?" अभिनवले टर्चको उज्यालो विस्तारै अर्को बाटोतिर देखाउँदै भन्यो ।

"हो त, अर्को बाटो पनि रहेछ । अब कुन बाटो जाने ल ?" सोमु पनि अल्मलियो ।

"कि दुवैजना छुट्टाछुट्टै बाटोबाट गएर हेरौं, कि पाइला गएतिर जाऔं । तिमी के भन्छौं सोमु ?" अभिनवले सोध्यो ।

"छुट्टिँदा हरायौं भने नि ! जान त सँगसँगै जानु राम्रो हुन्छ । बरु पाइला भएतिरै जाउँ हुन्न ?"

"हो, ठीक भन्यौ सोमु, साथै जाऔं । राम्ररी हेर त त्यो पाइला कुन बाटोतिर गएको छ ।" अभिनवले भुइँमा टर्च देखायो ।

पाइला दुवै बाटामा देखिएपछि उनीहरू फेरि अलमलिए- अब कता लाग्ने ? एउटामा धेरै पटक ओहोर-दोहोर गरेजस्तै धेरै डोब देखिन्थे । अर्कोमा भने एकपल्ट मात्रै आउने जाने गरेजस्तो लाग्थ्यो ।

"यही धेरैचोटि ओहोरदोहोर गरेको बाटोतिर जाउँ न त पहिले ।



यता केही नदेखिए फर्केर फेरि अर्कोतिर हेरौँला हुन्न ?" सोमुले आफ्नो विचार सुनायो ।

"हुन्छ, त्यसै गरौं न त ।" अभिनवलाई पनि उसको सल्लाह ठीक लाग्यो ।

उनीहरू अत्यन्तै होशियार भएर अघि बढे । आध्यारो भए पनि भित्र सर्पजस्ता कुनै जीवहरू नभएकाले त्यतिविन डर लागेन । तर त्यहाँ कोही रहेछ र उसले देख्ने हो कि भन्ने डर भने छँदै थियो ।

केही अगाडिसम्म बाटो साँघुरो र होचो भएकोले हिंड्न असजिलो थियो । केहीबेर हिंडेपछि भने विस्तारै अग्लो र फराकिलो हुँदै गयो ।

जतिजति अगाडि गयो, बाटो उति फराकिलो हुँदै गयो । निकै भित्र पुगेपछि एउटा फराकिलो ठाउँ देखियो । सफा पनि थियो त्यो ठाउँ । उनीहरूले ठूलो कोठाजस्तै देखिने त्यो फराकिलो ठाउँको चारैतिर आँखा दौडाए । त्यहाँको दृश्य देखेर उनीहरूका आँखा आश्चर्यले फाटेको फाट्यै भयो ।

□□

# गुफाभित्र लुटको सामान

"ओहो, कस्तो आश्चर्य ! यस्तो ठाउँमा यति धेरै सामान ?" निकै बेरपछि सोमुको आश्चर्यमा डुबेको आवाज निकाल्यो । अभिनव र सोमु त्यो ठूलो र फराकिलो कोठाजस्तै ठाउँको दृश्य देखेर चकित थिए ।

"त्यै त, कसले थुपारेको होला यस्तो ठाउँमा यतिका महङ्गा सामान ! राम्रो नियत भए त यस्तो ठाउँमा लुकाउनु नपर्ने ।" अभिनव पनि धेरै बेरपछि बोल्यो ।

त्यो ठाउँलाई धूलो पन्छाएर सफा गरी बस्न हुने बनाएको थियो । एकातिर कुनामा चुरोटका ठुटाहरू देखिन्थे । अर्कोतिर चुरोट र विदेशी सामानका बाक्लो कागतको बाकस ओछ्याएर बस्नलाई ठाउँ बनाएको थियो । त्यहीं नजिकै काँचका दुईवटा गिलास थिए । गिलासमा खाएर बाँकी राखेको जस्तै थोरै रक्सीजस्तै केही थियो । त्यसकै नजिक त्यस्तै बाक्लो कागतमाथि चाउचाउ, बिस्कुट आदि चाँडै नबिग्रने खालका सुख्खा खानेकुरा राखिएका थिए । त्यो खुला ठाउँको अर्को कुनामा चुरोट, चाउचाउ आदि राख्ने कागतका ठूलाठूला बाकसहरू थिए । छेवैमा ब्याट्रीबाट बल्ने ठूला टर्चलाईट र मैनबत्तीहरू थिए ।

अभिनव र सोमुले कागतको बाकस खोलेर हेरे । ती बाकसमा विभिन्न किसिमका विदेशी सामानहरूरू टम्म मिलाएर राखिएका थिए । विभिन्न किसिमका क्यामरा थिए-कुनै साधारण कुनै मुभी । साथमा सुनका सिक्री, औठी, मोटामोटा चुरीहरू पनि थिए ।

त्यस्तो ठाउँमा त्यति धेरै मोल पर्ने सामानहरू देख्दा उनीहरूरूलाई आश्चर्य लागे पनि केही बेर सोचेर उनीहरूले अनुमान गरे - यो पक्कै पनि चोर-डाँकाहरूको काम हो ! उनीहरूले अस्ति भर्खर सोमुकी आमाले बनमान्छे होकि हिउँ चितुवाले विदेशीलाई मारे रे, साँझ-विहान घर बाहिर

नहिंड्नु भन्नुभएको कुरा झल्याँस्स सम्झे । मुक्तिनाथ र मुस्ताङ घुम्न आउने विदेशी र नेपाली यात्रीहरू लुटिएका खबरहरू बेलाबखत सुनिने गर्थ्यो ।

"वनमान्छे र हिउँचितुवाको हल्ला फैलाउँदै लूटपाट र हत्या गर्ने यिनकै काम हुनुपर्छ !" अभिनवको अनुमान थियो ।

"हो त, बल्ल पो गुफाभित्रको रहस्य फेला पर्‍यो ! यो गुफालाई त बदमासहरूले लुक्ने र लुटेका सामान लुकाउने ठाउँ पो बनाएका रहेछन् !" सोमुले पनि उसको कुरामा सही थाप्यो ।

"यहाँ आउने मान्छे चाहिँ धेरै छैनन् जस्तो छ । हेर त, गिलास दुईवटा मात्र देखिन्छ । बढी मानिस भएका भए गिलास पनि बढी नै हुनु पर्ने होइन ?" अभिनवले चारैतिर हेरेर भन्यो ।

"हो त, तिनीहरू सधैं आउँदैनन् जस्तो छ । केही दिन बिराएर सामान लुकाउन मात्र आउने भएर त होला, सुत्ने कुरा पनि छैन, खाना पकाउने भाँडाकुँडा पनि केही देखिँदैन । चाउचाउ, बिस्कुट र रक्सीजस्ता खानेकुरा मात्रै छन् हेर त ।" सोमुले अर्को अनुमान गर्‍यो ।

"हो यिनीहरू सामान लुकाउन र लैजानको लागि मात्र यहाँ आउँछन् जस्तो छ । घुम्न आउने विदेशी र नेपाली यात्रीहरूको सामान लुट्ने डाँका पक्कै यिनै हुन ।" अभिनवले फेरि भन्यो ।

"हो त देखे भने पोल खुल्छ भनेर हाम्लाई पनि मार्न बेर छैन । अब के गर्ने अभिनव ?" सोमु अब साँच्चि नै डरायो ।

"हो, उनीहरूले देखे भने हाम्रो अहित पनि गर्न सक्छन् । साना केटाकेटी देखेर छाडिदिन पनि सक्छन् । कुनै हालतमा पनि उनीहरूको अघिल्तिर पर्न हुन्न बुझ्यौ । देखिनै हाले भने पनि केही नदेखेजस्तो गर्नुपर्छ है । त्यसो भए हामीलाई केही थाहा छैन भन्ने ठानेर छाडिदिन सक्छन् । खेल्दा खेल्दै बाटो भुलेर आइपुगेका ठान्न सक्छन् । होइन त ?" अभिनवलाई पनि डर नलागेको होइन । आफ्नै करले ल्याएको सोमु झन डराउला भनेर उसले यसरी सम्झायो ।

त्यत्तिकैमा सुरुङभित्र केही आवाज सुनियो । कान थापेर सुन्दा त्यो

मसिनो आवाज विस्तारै उनीहरूकै नजिक आइरहेको जस्तो लाग्यो ।

"कोही आएको त होइन ? अघि त सुनिएजस्तो लागेन । कि कुरामा भुलेकाले नसुनिएको हो ?" अभिनवले शंका गरेर भन्यो ।

"अघि त मैले पनि सुनेको थिइन । साँच्चिकै वनमाछे र हिउँ-चितुवा त होइन ? वनमान्छेले पनि मानिसलाई मारेर तिनका सामानहरू ल्याएर राख्न सक्छ नि !" सोमु अब साँच्चिकै आत्तियो ।

"वनमान्छे र हिउँ चितुवाको कुरा त म पत्याउन्न । चितुवाले मान्छे नै मारे पनि यसरी सामान ओसारेर किन लुकाउँछ, भन त ! वनमान्छेले यस्तो काम गरेको भए यसरी बस्न कागत ओच्छ्याउने, रक्सी खान गिलास ल्याउने गर्दैनथ्यो । त्यसैले यो पक्कै पनि डाँकाहरूकै काम हो ।"

उनीहरू कुरा गर्दै ध्यान दिएर त्यो आवाज पनि सुन्दै थिए । केहीबेर अगाडि बडो मसिनो सुनिएको त्यो आवाज विस्तारै नजिकै र ठूलो हुँदै गएजस्तो लाग्यो । केहीबेर पछि त मानिस हिंडेजस्तै ढप्... ढप्... आवाज सुनिन थाल्यो । अब भने दुवैजना साँच्चिकै डराए ।

"लौ न नि, अब के गर्ने ? कतै तिनीहरू यतै आएजस्तो छ ।" सोमु



अब धेरै नै आत्तिएको देखिन्थ्यो ।

"यस्तो सुनसान र गुफाजस्तो ओढारमा सानो आवाज ठूलो र टाढाको आवाज नजिकै सुनिन्छ । त्यसैले जो भए पनि तिनीहरू अझै टाढै छन् । बरु लुक्ने ठाउँ खेजेर लुकिहाल्नु पर्छ ।" अभिनवले आफ्नो डर लुकाएर भन्यो ।

अब उनीहरूलाई लुक्ने ठाउँको फिक्रीले सतायो । राम्ररी लुक्ने ठाउँ फेला नपरेमा ज्यानै जोखिममा पर्थ्यो । बिनासित्ति गुफा हेर्न अइएछ, केही भइहाल्यो भने बाबाआमा त रोएरै मर्नुहुने छ । सोमुका आमाबालाई कत्रो चोट पर्ला !

त्यो कोठाजस्तो खुला ठाउँमा लुक्न सकिने ठाउँ कतै देखिदैनथ्यो । अँध्यारो बढेर निष्पट्टै थियो । निकै सेतो चुनढुङ्गाको थुप्रो भएको ठाउँमा कतै कतै अलिकति उज्यालोजस्तो देखिनु बाहेक चारैतिर अँध्यारो बाहेक केही थिएन । राम्ररी टर्चबत्ती बाल्न पनि डर थियो । टर्चको उज्लालो देखेर बद्मासहरूले थाहा पाए भने झनै बित्यास पर्थ्यो !

टर्चको उज्यालो चारैतिर फैलनबाट रोक्न अभिनवले हातले छोप्यो । त्यसरी छोपेर निस्केको थोरै र मसिनो उज्यालो भित्ताको चारैतिर घुमायो । समय धेरै थिएन, ती मानिसहरू कुनै पनि बेला त्यहाँ आइपुग्न सक्थे । त्यो कोठाजस्तो खुला फराकिलो ठाउँको एउटा कुना साँघुरो हुँदै गएको देखेर उनीहरू त्यतै गए । त्यो साँघुरो कुनोमा एउटा सानो दुलो देखियो । अँध्यारो भएकाले त्यस बाहिर के छ भन्ने देखिदैनथ्यो । टर्चको उज्यालोमा दुलो केही फराकिलो देखियो । तर दुलो धेरै सानो भएकोले त्यसबाट छिर्न सम्भव थिएन ।

उता आवाज झनझन नजिक आइपुग्दै थियो । ती डाँकाहरू कुनै पनि क्षण त्यहाँ आइपुग्न सक्थे । दुवैलाई लाग्यो- अब पक्कै मरिने भयो !

□□

# बल्ल ज्यान बच्यो !

आवाज जतिजति नजिक आउँदैगयो उनीहरू त्यत्तिनै आत्तिन थाले । तर आत्तिएर मात्र ज्यान जोगाउन सकिँदैनथ्यो । ज्यान जोगाउन लुक्ने ठाउँ नखोजी हुँदैनथ्यो । त्यही सोचेर अभिनवले टर्चको उज्यालो भित्ताको अर्को कुनातिर लगायो ।

"अभिनव, हेर त अर्को दुलो ! त्यसबाट बाहिर निस्कन सकिन्छ कि !" सोमु खुसीले ठूलो स्वरमा करायो ।

"ठूलो स्वरमा नबोल, उनीहरूले सुनेर अर्को बित्यास पर्ला ।" अभिनवले सम्झायो ।

त्यहाँ अर्को एउटा दुलो देखेपछि उनीहरूमा आशा पलायो- यसबाट बाहिर जान सकियो भने त ती डाँकाहरूले देख्दैनन् । उनीहरू आवाज नआउने गरी त्यही दुलो भएतिर लागे ।

त्यो दुलो पनि धेरै ठूलो थिएन । तर अघिको भन्दा केही ठूलो भएकोले त्यसबाट घिस्रिँदै निस्कन सकिन्थ्यो । चियाएर हेर्दा दुलोबाहिर केही उज्यालोजस्तो पनि देखियो ! टर्चको उज्यालोमा हेर्दा बाहिरपटि दुलो केही फराकिलोजस्तो देखियो ।

"सोमु हेर त गुफाभित्र हावा आउने यही दुलो हुनुपर्छ । गुफाभित्र हामी ननिसास्सिएको कारण यही दुलो र गुफाको मुखबाट अएको हावा र अक्सिजन हुनुपर्छ, होइन त !" अभिनवले कानेखुसी गर्दै भन्यो ।

"ढिलो नगरौं, आवाज नजिकै आउँदैछ ।" सोमु अझै डराएको थियो ।

"हो, पहिला तिमी पस, अनि म आउँला ।" अभिनवले भन्यो ।

"होइन,पहिला तिमी जाऊ ! तिमी नगई म जान्न ।" आफ्नो ठाउँमा आफ्नै जिम्मामा ल्याएको साथीलाई ती बद्मासले फेला पारेर केही

गरे भने ? के जवाफ दिने घरमा गएर-उसले यस्तो सोचेर सोमुले भन्यो ।

"तिमी के सोचिरहेका छौ, मलाई थाहा छ । को पहिला जाने भन्दै खेर फाल्ने समय छैन, बुझ्यौ ! चाँडो गर, म तिम्रो पछिपछि आइहाल्छु नि !" अभिनव मान्दैन र बढी कर गर्दा समय मात्रै खेर जान्छ भन्ने सोचेर सोमु दुलोबाट घिस्रिँदै छिर्ने कोसिसमा लाग्यो । दुलोको मुख सानो भएकोले उसलाई छिर्न कठिन भइरहेको थियो । उता आवाज झन्झन् नजिकै आइरहेको सुनिन्थ्यो ।

"सोमु लुगा फुकालेर पोको पार, अनि झोला र लुगा पहिला उता छिराऊ । बरु चाँडै गर !" आवाज जति नजिकै आएको सुनिन्थ्यो, अभिनव पनि त्यत्तिकै आत्तिन थालेको थियो । तै पनि उसले एउटा उपाय निकाल्यो ।



सोमुले उसको कुरा मानेर कट्टु बाहेक सबै लुगा फुकालेर पोको पाऱ्यो । दुलोबाट कपडा र झोला पहिले छिरायो । त्यति गरेपछि मुस्किलैले भए पनि ऊ त्यहाँबाट घिस्रिँदै छिर्न सक्यो । अभिनवले पहिले नै लुगा झोलामा पोको पारिसकेको थियो । सोमु उता झरे पछि उसले पनि झोला पहिला छिरायो र पस्ने सुरसारमा लाग्यो ।

"आजको दिन भाग्यमानी रहेछ, ठूलै माल हात लाग्यो कसो ।" त्यति नै बेला उसको कानमा मानिसको आवाज पऱ्यो । त्यो आवाज नजिकै सुनेर अभिनवको होसहवासै उड्लाजस्तो भयो- लौ अब फेला पर्ने भइयो । यिनीहरूले पक्कै पनि मेरो ज्यान लिन्छन् ! त्यो सोचेर ऊ टक्क रोकियो । उताबाट सोमु कराउला र तिनीहरूले सुन्लान् भन्ने अर्को डरले थियो । तरसोमुले कुनै आवाज निकालेन ।

अँध्यारो निकै भएकोले होला पर छेउको भित्तोको दुलो र त्यसको नजिकै उभिएर छिर्ने कोसिस गरिरहेको अभिनवलाई तिनीहरूले देखेका थिएनन् । त्यो अनकण्टारको गुफामा अरू पनि कोही होलान् भन्ने सके उनीहरूको कल्पनामा पनि थिएन होला । त्यसमाथि बाहिरको उज्यालोबाट भित्र अँध्यारोमा पस्दा त्यति राम्ररी देख्न सकिँदैनथ्यो । तिनीहरूको टर्चको मधुरो उज्यालो अभिनव भएतिर आइपुगेको थिएन । तर मैनबत्ती वा कोठाभरि उज्यालो फैलने अघि देखेको ठूलो बत्ती बाले भने ? अभिनवलाई अर्को चिन्ताले सतायो ।

"खोई व्याट्रीको ठूलो बत्ती बाल त ।" त्यो अर्को आवाज सुनेर उसको सातो उड्यो । तिनीहरूले बत्ती बाल्नु अगाडि नै दुलोबाट छिरेर उता जान नसके बाँचिदैन भन्ने सोचेर अभिनव आवाज ननिस्कने गरी घिस्रिदै दुलोभित्र छिर्न थाल्यो ।

"हिजै त्यसमा व्याट्री सकिएको छ भन्या होइन । आज सिकार फेला परिहाल्यो, व्याट्री ल्याउने मौकै कहाँ पाइयो र !" त्यो आवाजले अभिनवको अलिकति सास आयो- त्यो ठूलो व्याट्रीको बत्ती बालेको भए उसको बाँच्ने कुनै आश हुँदैनथ्यो ।

"मैनबत्ती नै भए पनि बालन त । कुरै मात्र गर्छ यो पनि ।" पहिलो स्वरको अर्को आदेशले अभिनव फेरि आत्तियो । अब जतिसक्यो चाँडो कुनै आवाज ननिकाली दुलोबाहिर निस्कनु बाहेक ज्यान बचाउने अर्को उपाय थिएन ।

"अभिनव... किन बेर लाएको ?" सोमुको मसिनै आवाजले पनि उसलाई नराम्ररी तर्साइदियो ।

"चुप्, आवाज ननिकाल !" अभिनवले साउती गरेर भन्यो । उसको आवाज सोमुले सुन्यो कि सुनेन, त्यो अनुमान गर्न पनि कठिन थियो । दुलोको मुख आफू छिर्नलाग्दा पूरै टालिएको हुँदा ती बद्मासहरू भएको ठाउँसम्म सोमु र उसको आवाज पुगेको छैन होला भन्ने उसले आशा गर्‍यो । तर पनि चाँडै नै दुलोबाट छिरेर अर्कोतिर पुग्न नसके कुनै पनिं बेला बद्मासहरूको हातमा पर्न सकिन्थो ।

घिस्रिँदै पस्रिँदै अभिनव दुलोबाट बडो मुस्किलले छिर्‍यो । त्यसरी छिर्दा नाङ्गा हातगोडा, पिठ्युँ र छातीमा दुलोको तिखा चुनढुङ्गाले दर्फर्‍याए र धेरै ठाउँ रक्ताम्य भयो । दुलोबाट अर्कोपटी खस्दा निस्केको फ्यात्तको आवाजले अभिनव मात्र होइन सोमु समेत भित्रैसम्म चिसो भयो- लौ मार्‍यो, सुने कि क्या हो ! मनमा यस्तो शंका भए पनि उनीहरूको मुखबाट कुनै आवाज निस्केन ।

"होइन के छ्यास्राक्क गरेको ? के को आवाज हो यो । कोही त आएन ।" अभिनव दुलोबाट तल झर्दा निस्केको मसिनो आवाज र सलाई कोर्दा झ्यार्र गरेको आवाज साथसाथै आएको थियो ।

"केही होइन, सलाई कोर्दा आवाज निस्केको होला । तिमी पनि धेरै शंका मात्रै गर्छौ । को आउँछ यहाँ । हामी बाहेक अरू कसलाई थाहा छ र यहाँको बारेमा ।" अर्को मान्छेको आवाज सुनेपछि बल्ल उनीहरूको सास आयो ।

साथीको कुरा पहिलो मान्छेले नपत्याएको भए उनीहरू सजिलै समातिन्थे ! दुवैको मुटु डरले ढक्... ढक् गरिरहेको थियो । गुफाको अर्को पट्टिट अभिनव र सोमु बोल्न र हलचल समेत नगरी भुइँमै त्यत्तिकै लडिरहे ।

□□

# डाँकाहरूको योजना

"धेरै पछि आज गतिलो सिकार फेला पऱ्यो । कुइरेको डलर पनि थुप्रै पो छ जस्तो छ नि । गन्ने होइन ?" त्यही पछिल्लो आवाज उनीहरूको कानमा पऱ्यो ।

"होइन कति हतारिन्छौ हँ तिमी ? जति भए पनि यहीं त छ नि कतै जाने होइन क्यारे । बरु सामानहरू राम्ररी थन्क्याऊ । साँझ पर्न दुई-तीन घण्टा पनि छैन, फर्कनु पनि त पर्ला नि । सानातिना हलुका सामान आजै मिलाएर राख्न सके भोलिलाई सजिलो हुन्छ ।" अर्को आवाज सुनियो । कुरा सुन्दा यो चाहिँ लुटेराको नाइके जस्तो देखिन्थ्यो ।

"हो त हगि, भोलि बिहानै आएर सामान निकाल्ने तयारी गर्नु पर्छ । साँझ पर्नासाथ साहुको पोखरा सामान खेप्न जाने खच्चरको लस्करसम्म पुऱ्याएर जिम्मा लाउनु पर्छ । खच्चरको लस्कर पर्सि सखारै पोखरा हिंड्ने भनेको छ क्यार । तर... नगद कति रहेछ, त्यो गन्न धेरैबेर त लाग्दैन नि !" पहिलो स्वर फेरि सुनियो । आफ्नो कुरा साथीले नसुनेकोमा उसलाई चित्त बुझेको छैन भन्ने उसको स्वरबाटै अनुमान लाउन सकिन्थ्यो ।

उनीहरूको कुराबाट अभिनव र सोमुले तिनको योजना थाहा पाए । तिनले लुटेका सामान पोखरासम्म पुऱ्याएर बेच्ने काममा पोखरेली साहुको पनि मतियारी रहेछ ।

"अब के गर्ने....? यहाँबाट उम्किएर यी डाँकालाई समाउने उपाय गर्न पाए कति राम्रो हुन्थ्यो हगि !" सोमु चिन्तित थियो ।

"ठीक भन्यौ, यस्ता अपराधीले सजाय त पाउनैपर्छ । त्यसमाथि यसरी विदेशीहरूलाई लुट्नु र उनीहरूरूको हत्या गर्नु भनेको त देशकै बदनामी गराउनु हो नि । तर... यिनीहरूलाई कसरी पक्राउने ? दिन पनि धेरै बाँकी छैन । त्यतिन्जेलमा बाहिर निस्कने कुनै उपाय फेला पार्न

सकियो भने त केही उपाय निस्कन्थ्यो । बरु बाहिर निस्कने पो कसरी ? भोक पनि असाध्यै लाग्यो, तिमीलाई भोक लागेन ? पहिला केही खाऔं घरबाट ल्याएकै छौं । त्यसपछि बाहिर निस्कने उपाय खोजौंला कसो ?" अभिनवले भन्यो ।

"मलाई पनि भोक नलागेको त कहाँ हो र तर यस्तो आपतको बेलामा खान अल्मलिनु भन्दा बाहिर निस्कने बाटो खोज्नु पो ठीक होला ?" सोमुलाई खानभन्दा पनि त्यहाँबाट उम्कनेतिरै बढी ध्याउन्न थियो ।

"हतारिँएर मात्र हुदैन ! केही खाउँ, त्यतिन्जेलमा यिनको योजनाका बारेमा अरू जानकारी पनि पाइन्छ, हुँदैन ?" अनिवले सम्झाए पछि सोमुको चित्त बुझ्यो ।

उनीहरूले झोलाबाट घरदेखि ल्याएका खाजा झिके । दुवैले अलिअलि खाएपछि आफूहरू आइपुगेको त्यो सानो कोठाजस्तै ठाउँलाई राम्ररी नियालेर हेर्न थाले ।

यो ठाउँ बद्‌मासहरूले लुटेको सामान थुपारेका उताको ठाउँभन्दा निक्कै सानो थियो । तीनतिर केही फराकिलो त्यो ठाउँको एउटा कुनाचाहिँ केही साँघुरो हुँदै गएर सुरुङजस्तै देखिन्थ्यो । उनीहरू कोठाको चारैतिर घुमेर हेर्न थाले । एक ठाउँको भित्तो केही चर्केकोजस्तो देखियो । त्यो भित्तोको चरबाहिर अलिअलि उज्याला देखियो । त्यो देखेर उनीहरूको आशा बढ्यो ।

"सोमु, यो ठाउँ पक्कै पनि गुफाको सबैभन्दा अन्तिम भाग हुनुपर्छ । हेर त यो चरबाहिर उज्यालो देख्यौ ? यहाँबाट निस्कने बाटो फेला पऱ्यो भने हामी पक्कै गुफाबाहिर पुग्छौं ।" अभिनवको स्वरमा निकै उत्साह थियो ।

"हो अभिनव, तिमीले ठीक भन्यौ । अब बाहिर निस्कने बाटो खोज्न अबेर गर्नु हुन्न ।" सोमु पनि त्यो देखेर निकै उत्साहित भयो ।

उनीहरू भित्ताको चारैतिर छाम्दै, चिहाउँदै बाहिर निस्कने ठाउँको खोजीमा लागे । टर्च बत्ती भएर पनि बाल्न भने उनीहरू डराइरहेका थिए । टर्च बाल्दा डाँकाले थाहा पाई दूलोको मुख ठूलो पारेर पनि यता आउन सक्थे ।

त्यसैले उनीहरू बत्ती नबालिकनै हातले भित्तो छामेर बाटो खोज्न



थाले । उनीहरू अगाडि देखेको साँघुरिँदै गएर सुरुङजस्तो बनेको ठाउँमा पुगे । नभन्दै त्यो सुरुङ नै रहेछ । अभिनवले हातले छोपेर मसिनो गरी टर्चको उज्यालो त्यो सुरुङभित्र छिरायो ।

"सुरुङ लामै जस्तो छ, उज्यालो पनि देखिंदैन ।" सोमुको आवाजमा पहिलेको खुसी थिएन ।

"निराश नहोऊ न । यति नजिकै गुफाको मुख छ भन्ने थाहा पाएको भए ती बद्मासले पनि त यहाँ अखाडा बनाउँदैनथे होला नि ! त्यसैले यो सुरुङ लामै हुनुपर्छ । हेर्दै जाउँ न !" अभिनव यति चाँडै निराश हुन चाहँदैनथ्यो ।

सुरुङको बाटो अगाडिको जस्तो सजिलो थिएन । केही अगाडि पुगेपछि अब बत्ती बाले पनि सुरुङ बाहिर देखिंदैन भन्ने अनुमान गरे । त्यसैले आफूभन्दा पछाडि उज्यालो नदेखिने गरी छेक्दै टर्च बाले । यो सुरुङमा मानिस हिंडेको कुनै चिन्ह थिएन । त्यसैले बाटोमा ठूलाठूला ढुङ्गा लडिरहेका थिए । त्यसले गर्दा हिंड्न पनि असाध्यै अप्ठ्यारो भइरहेको

थियो । ती ढुङ्गा पन्छ्याउने उनीहरूको शक्ति थिएन । कतै ढुङ्गाको चेपबाट घिस्रिँदै जानुपर्थ्यो, कतै तिनै ढुङ्गामाथि चढेर अघि बढ्नुपर्थ्यो । सुरुङ निकै होचो भएकोले ढुङ्गामाथि टेकेर जान पनि सकिँदैनथ्यो । त्यस्तोमा उनीहरू ढुङ्गामाथि सुतेर घिस्रिँदै अघि बढे । त्यसरी जाँदा उनीहरूको शरीरको कति ठाउँमा दर्फन्यायो, कति ठाउँमा घाउ लागेर रगत बग्यो, गनिसाध्यै थिएन । गुफाबाहिर निस्कने ध्याउन्नामा उनीहरूलाई चोटको ख्यालै भएन ।

आधा घण्टाजति त्यसरी हिंडेपछि फेरि केही फराकिलो र सजिलो बाटो भेटियो । उनीहरूले हिंडाइको गति बढाए । रात पर्‍यो भने घर पुग्न फेरि समस्या पर्ला भन्ने पनि डर थियो ।

"हेर त अभिनव, कताबाट आयो यो चिसो । पानी त कतै देखिंदैन । के को चिसो आयो होला त !" त्यहाँबाट पनि केही अगाडि पुगेर सोमुले केही चिसो अनुभव गर्दै भन्यो ।

"तिमीले ठीक भन्यौ, मलाई पनि त्यस्तै लागेको थियो । पानी देखिंदैन, त्यसैले मलाई पक्कै पनि बाहिरको ताजा हावाको चिसो होलाजस्तो लाग्छ ! हाम्रो अनुमान ठीक हो भने गुफाको मुख अब धेरै टाढा छैन !" अभिनवले खुसी हुँदै भन्यो ।

उनीहरू अझै उत्साहित भएर अघि बढे । तर फेरि असजिलो बाटो आयो । पन्छ्याउँदै हिंड्नु पर्ने, चुनढुङ्गा र चुन मिसिएको माटाका थुप्राहरू बाटोभरि नै देखिन्थे ।

"सोमु, हेर त भुइँमा चराको विष्टाजस्तो देख्यौ ? यो पक्कै पनि चमेराको विष्टा हुनुपर्छ । चमेराहरू गुफाको धेरै भित्र जाँदैनन् । त्यसैले गुफाको मुख अब धेरै टाढा छैन ।" अनिवले भुइँमा चराको विष्टाजस्तो देखेर भन्यो । बदमासहरू बसेका ठाउँमा यताको उज्यालो नपुग्ने भएकोले दुबैले आ-आफ्नो टर्च बालेका थिए । टर्चको उज्यालोले सुरुङ उज्यालो भएको थियो ।

□□

# अब ओर्लने कसरी ?

"लौ न नि....के को आवाज हो यो ?" सुडमा टर्चको उज्यालो पर्नासाथ निस्केको डरलाग्दो आवाज सुनेर सोमु चिच्यायो । त्यो भट्...भट् गर्दै निस्किएको आवाजले सोमुको साथै अभिनवलाई  पनि तर्सायो । त्यो आवाज र सोमुको चिच्याहटले सुरुङ पूरै गुञ्जियो ।

"सोमु नडराऊ, ऊ हेर त चमेरो उडेको आवाज रहेछ । आराम गरिरहेका चमेराहरू अकस्मात उज्यालो देखेर तर्सेरं उड्दा आवाज आएको हो बुझ्यौ ।" टर्चको उज्यालोमा सुरुङमाथि चमेराहरू आत्तिएर उड्दै यता उता गरेको देखेपछि अभिनवले कुरा बुझ्यो । कुरा बुझेपछि सोमुको डर पनि हरायो । नभन्दै सुरुङभित्र चमेराहरू यताउता उडिरहेका थिए ।

"बरु तिमी चिच्याएर कराउँदा ती बद्मासले सुन्न त सुनेनन् ! सुनेका भए त अर्को आपत आउन सक्छ ।" अभिनवलाई अर्को चिन्ताले सतायो ।

उनीहरूले टर्च बन्द गरे । सुरुङमा फेरि अँध्यारो फैलिएपछि चमेराहरू पनि उड्न छाडे । केही छिनपछि सुरुङ फेरि सुनसान भयो । उताको आवाज सुन्न अभिनवले सुरुङको भित्तामा कान थाप्यो । सोमु चिच्याएको ती बद्मासले सुने, सुनेनन् जान्नु आवश्यक थियो । तर जति ध्यान दिएर सुन्दा पनि उताको कुनै आवाज सुनिएन ।

"केही सुन्यौ ? मैले गर्दा फेरि अर्को आपत्ति आउने पो हो कि !" सोमुले आफ्नो गल्ती ठानेर दुख:मनाउ गऱ्यो ।

"अहँ केही सुनिदैन । तिमी बिनासित्ति किन दुख:मनाउ गर्छौ ? तिमी मात्रै हो र म पनि त अत्तिएको थिएँ नि त्यतिबेला । यस्तो डरलाग्दो गुफाको सुरुङमा अकस्मात त्यस्तो आवाज सुन्दा जो पनि आत्तिएर चिच्याउँथ्यो ! बरु अब अलमल नगरी जति सक्यो चाडो यहाँबाट बाहिर

निस्कने उपायमा लाग्नुपर्छ ।" अभिनवले सम्झायो । चमेराको डरले उनीहरू टर्च नबालीकनै छामछाम छुमछुम गर्दै अगाडि बढे ।

"ऐया...." अरूले सुन्ला भन्ने डरमा दाह्रा किटेर निकालेको अभिनवको मसिनो स्वर सुनियो ।

"लौन, के भो अभिनव तिमीलाई ?" त्यो सुनेर सोमुले आत्तिँदै सोध्यो ।

बाटोमा ठूलो ढुङ्गो तेर्सिएको रहेछ । त्यसैमा ठोक्किएर लड्दा अभिनवको मुखबाट त्यो आवाज निस्किएको रहेछ । त्यो कुरा सुनेपछि बल्ल सोमुको चिन्ता हट्यो- धेरै चोट त लागेन अभिनव तिमीलाई ?

"छैन, चिन्ता नगर । ठोक्केर लडेको मात्रै हो ।" अभिनव लडेको ठाउँबाट उठ्यो ।

अब सुरुङको माथि छततिर विस्तारै टर्चको उज्यालो लाए । हातले छोपेर धेरै उज्यालो नआउने बनाएका थिए । त्यही मसिनो उज्यालोमा बिस्तारै अघि बढे । बाटो असाध्यै असजिलो थियो । बाटोमा कतै ठुला-ठूला ढुङ्गा, कतै चिप्लिएलाजस्तो भिरालो । हेरेर मात्रै पाइला सार्नुपर्थ्यो ।

साँझ नपरी सकेकोले होला डराएर उड्दै बाहिर गएका चमेराहरू फर्केर फेरि त्यतै आउन थाले । उनीहरूले टर्चको उज्यालो गुफाको छतमा मात्र होइन वरिपरि समेत नपर्ने गरी भुइँमा मात्रै पारेकाले होला ती चमेरा अब सुरुङको अँध्यारो छतमा टाउको तल पारेर उँधोमुण्टो गरी झुण्डिए ।

"अभिनव सुन त किरा उडेको आवाज होइन यो ?" भुन.. भुन.. आवाज सुनेर सोमुले भन्यो ।

"हो तिमीले ठीक सुन्यौ । यो गुफे फट्याङ्ग्रोको आवाज हुनुपर्छ । अघि गुफाको बारेमा मैले भनेको थिएँ नि, बिर्स्यौ ?" अभिनवले सम्झायो ।

"किन बिर्सन्थें ! गुफाको बाहिरी छेउमा मात्रै यस्ता किरा फट्याङ्ग्रा र चमेरा हुन्छन् होइन त ? यसको अर्थ हामी गुफाको मुखमा आइपुग्नै लाग्यौं, यही भन्न खोजेका हौइनौ तिमीले ?"

"हो त, अब हामी गुफाको मुखभन्दा धेरै पर छैनौं । अलि छिटो



हिंडौं !" अनिवको भनाइसँगै उनीहरू फेरि अघिबढे ।

"अभिनव, ऊ हेर त त्यो दुलोबाट उज्यालो आएको देखियो ।"त्यो असजिलो बाटोमा अर्को आधा घण्टा जति हिंडेपछि सुरुङको एक छेउबाट केही उज्यालो पसेको देखियो । उनीहरू अझै उत्साहित भएर सुरुङको मुखतिर लागे । अब बाटोमा जुका र अरू खालका किराफट्याङ्ग्रा पनि देखिन थाले । सुरुङमा अलिअलि उज्यालो पनि हुन थाल्यो ।

केहीबेरमैं उनीहरू सुरुङको मुखमा पुगे । मुख अघि अर्को कोठाबाट निस्कँदाको जस्तै सानो थियो, घिस्रिएर निस्कनुपर्ने ।

"अभिनव मुख त जमिनभन्दा धेरै माथि पो रहेछ । फाल हालेर ओर्लन सकिन्न, हात खुट्टा भाँचिन बेर छैन ।" सोमु टाउको छिराएर सुङको मुखबाहिर हेरेपछि निराश देखियो ।

"हो र ! खोइ म पनि हेरौं !" त्यति भनेर अभिनवले पनि सुरुङको मुखबाहिर टाउको निकालेर हेऱ्यो । नभन्दै सुरुङको मुखबाहिरको जमिनभन्दा पन्ध्र बीस फिटमाथि नै चट्टानको ककारोमा पो रहेछ । मुखको वरिपरि

बोटबुट्यान पनि केही थिएन । बोटबुट्यान मात्रै भएको भए पनि त्यसैमा समातेर ओर्लन सकिन्थ्यो । फाल हालेर झर्न सकिने सम्भावना नै थिएन । त्यसोगर्दा सोमुले भनेजस्तै हात खुट्टा भाँच्चिने डर थियो । लडेर टाउकोमा नराम्रो चोटपटक पनि लाग्नसक्थ्यो ।

यो अर्को समस्याले उनीहरूलाई निकै चिन्तित तुल्यायो । अब के गर्ने ? दुवैको मनमा यही प्रश्न थियो । त्यसको जवाफ भने दुवैले फेला पार्न सकेका थिएनन् ।

"अर्को समस्या पो थपियो । फर्केर अघिकै बाटो जाउँ भने बद्‌मासहरूको फेला परिहालिन्छ । अब के गर्ने ल ! कि जे होला, होला फालै हालौं ।" अब अभिनव पनि आत्तिन थालेको थियो ।

"यति माथिबाट कसरी फाल हाल्ने ? मरियो भने नि ! अब के उपाय गर्ने लौ !" सोमुलाई त्यति माथिबाट फाल हाल्ने कुरा ठीक लागेन ।

धेरै सोचे, कुनै उपाय देखिएन । त्यत्तकैमा सोमुले एक पटक छिमेकी स्याङतान दाइले यस्तै भीरबाट भीरमाहुरीको मह झिकेको सम्झ्यो । उनी भीरको चुच्चे ढुङ्गामा डोरीको फन्दा अड्‌काएर त्यसैबाट सुरेली खेल्दै माथि चढेका थिए । मह झिकिसकेपछि त्यसरी नै सुरेली खेल्दै तल झरेका थिए ।

"तर हामीसँग त डोरी पनि छैन !" त्यो कुरा सुनाएर सोमुले भन्यो ।

"तिमीले राम्रो उपाय सुझायौ, सोमु ! तिम्रो र मेरो लुगा गाँठो पारेर डोरीजस्तै बनाइ हेरौं न त । त्यसैमा सुरेली खेलेर तल ओर्लन सकिन्छ कि !" सोमुको कुरा सुनेर केही बेर सोचेपछि अभिनवको मनमा उपाय सुझ्यो ।

त्यो सुनेर सोमुको मनमा फेरि अर्को आशा पलायो- हो त उपाय गरी हेर्दा के नै पो बिग्रन्छ र । दुवैले यो उपाय गरेर हेर्ने विचार गरे ।

□□

# गुफाबाट मुक्ति

उनीहरू घरिघरि सुरुङको मुख बाहिर हेर्थे । घाम डुब्न धेरै बेर थिएन । यहाँबाट निस्कन ढिला भयो भने घरपुग्न समस्या पर्थ्यो । यस्तो ठाउँमा रात बिताउने कुरा झनै सम्भव थिएन । त्यसैले उनीहरू बढी चिन्तित थिए ।

"अब धेरै ढिला नगरौं । तिमी पनि आफ्नो लुगा फुकाल, दुवैको लुगा गाँठो पर्दै गाँसेर लामो डोरीजस्तै बनाउँ ।" अभिनवले आफ्नो लुगा फुकाल्दै भन्यो । भित्र लाउने कट्टु र आधा बाहुले गन्जी बाहेक अभिनवले सबै लुगा फुकाल्यो । सोमुले पनि अभिनवको जस्तै कट्टु र गन्जी मात्र बाँकी रोखेर अरू सबै लुगा फुकाल्यो । जाडो भएकोले बाक्लो लामो गलबन्दी, ऊनीको स्वेटर, बाक्लो ज्याकेट, कमिज, पाइण्ट मनग्गे लगाएका थिए । अभिनव र सोमु दुवैले आ-आफ्ना कपडा बटारेर गाँस्दै गए । त्यसरी दुईवटा लामो डोरी बनेपछि ती दुई डोरीको दुई छेउ फेरि गाँठो पारे । अब एउटै लामो डोरी बन्यो ।

"अभिनव, यो डोरीलाई दुबैतिर समातेर बेसरी तन्काऔं । बलियो रहेनछ र बीचैमा चुडियो भने अर्को बित्यास पर्छ !" सोमुलाई त्यो डोरी बीचैमा छिनेर लडिएला भन्ने डर थियो ।

"हो, ठीक भन्यौ । यसमा सुरेली खेलेर ओर्लनुभन्दा अघि थाम्छ, थाम्दैन हेर्नुपर्छ ।" अभिनवलाई सोमुको होशियारी ठीक लाग्यो ।

"थाम्न त थाम्छ, डर चाहिँ गाँठो फुस्किएला कि भन्ने हो !" सोमुले भन्यो ।

सोमुले भनेजस्तै डोरीको एक छेउ सोमु र अर्को छेउ अभिनवले समातेर सकेभरको बल लगाएर ताने । सुरूमा त ठीकै थियो, केही बेर तानेपछि ज्याकेट गाँसेको ठाउँको गाँठो अलिअलि गर्दै फुस्किन थाल्यो ।

"बेलैमा विचार पुऱ्याएछौ । नभए बीचैमा लडिने रहेछ !" अभिनवले सोमुको सह्नी गऱ्यो ।

"मलाई शंका लागेर त भनेको नि । अरूमा त मलाई त्यति शङ्का थिएन, यो ज्याकेटको गाँठो भने फुस्किने हो कि भन्ने डर थियो । नाइलनमा गाँठो पार्न गाह्रो हुन्छ भन्ने मलाई थाहा छ नि त ।" सोमुले आफूले शंका गर्नुको कारण पनि बतायो ।

"अब के गर्ने ज्याकेट नगाँस्दा भुइँ भेट्दैन । कि एकपल्ट खसालेर हेरौं, पुगिहाल्छ कि ?" अभिनव फेरि एकलल्ट निराश देखियो ।

"हेरौं न त एकपल्ट । न ज्याकेट नभएरै पनि पुग्छ कि !" सोमुलाई ठीकै लाग्यो ।

अभिनवले डोरीको एक छेउ हातमा बलियोसँग समातेर अर्को छेउ सुरुङको मुखबाहिर खसाल्यो । डोरी भुइँभन्दा निकैमाथि थियो । डोरी पुगेको ठाउँदेखि भुइँसम्म फाल हाल्न सकिँदैनथ्यो । त्यसो गर्दा चोटपटक लाग्ने सम्भावना हुन्थ्यो ।

अभिनवले सुरुङको दुलोबाट टाउको भित्र निकाल्दा उसको अनुहार निन्याउरो थियो । त्यो देखेर डोरी छोटो भएको अनुमान गर्न सोमुलाई गाह्रो परेन ।

"अब के गर्ने ?" अभिनवको अनुहारमा अर्को प्रश्न थियो ।

"यो दुइटै ज्याकेटलाई फेरि राम्ररी गाँठो पारेर हेरौं । बरु यसमा दोहोरो गाँठो बाँधौं । भैहाल्छ कि !" सोमुले आशा छोडेन ।

दुइजनै मिलेर ज्याकेटलाई फेरि सकेसम्म कसेर गाँठो पारे । दुईजनाले दुई छेऊमा समातेर गाँठोलाई झन् बेसरी तानेर बलियो बनाए । अब भने ज्याकेटको गाँठो फुस्किएन । अघि निराशाले अँध्यारो देखिएको अभिनवको अनुहार पनि उज्यालो देखियो । त्यसपछि त्यो ज्याकेटको एक छेउलाई अघि नै गाँठो पारेर लामो बनाएको कपडाको डोरीमा गाँसे । चिप्लो ज्याकेट कपडासँग गाँस्न निकै गाह्रो पऱ्यो, जति कसे पनि फुस्किने । त्यसलाई बल्ल बल्ल गाँठो पार्न सफलता मिलेपछि त्यो लामो डोरीलाई दुई टुप्पामा समातेर दुवैले सकेसम्मको बल लगाएर ताने । त्यसो गर्दा समेत



पारेका कुनै पनि गाँठाहरू खुकुलो नदेखिए पछि दुवै सन्तुष्ट देखिए ।

"डोरी त अझै माथि नै छ, अभिनव ! तर यतिसम्म त फाल हाल्दा त केही नहोला ।" यसपल्ट सोमुले डोरी खसालेर हेरेको थियो । अघिभन्दा निकै तल पुगे पनि डोरी अझै जमिनभन्दा पाँच छ फिट माथि नै देखिन्थ्यो ।

"यतिसम्म त फालहाल्न सकिन्छ, बरु ढिलो नगरौं । सोमु पहिला तिमी जाऊ, तिमी बाहिर जमिनमा पुगेपछि म आउँला ।" अभिनवले भन्यो ।

"होइन, पहिला तिमी जाऊ अभिनव । तिमीले जतिसुकै कर गरे पनि यो कुरा त मरीगए मान्दिन । तिमीलाई नपठाई म जाँदैजान्न ।" यो पल्ट अभिनवको कुरालाई सोमुले केही गरे पनि मानेन । सोमु आफ्नो जिम्मामा ल्याएको साथीलाई सुरक्षित बाहिर नपठाइ आफू निस्कन चाहँदैनथ्यो । अभिनवले पनि सोमुका कुरा नबुझेको थिएन ।

"तिम्रो कुरा मैले बुझेको छु सोमु, तर मेरो कुरा पनि त एकपल्ट सुन ! त्यसपछि पनि तिमीलाई मेरो कुरा ठीक लागेन भने पहिला मैं जाउँला, अब त मेरो कुरा सुन ! कुरै कुरामा समय मात्रै खेर गइरहेको छ ।" अभिनवले अझै सम्झाउने किसिमले भन्यो ।

"तिमी यस्तै भन्छौ ! ल, भन के भन्न लागेका हौ ।" सोमुले मन मारेर भन्यो ।

"सोमु, केही गरी एकजना ओर्लिंदा नै डोरी खुकुलो भयो भने दुवैजना ओर्लन सकिंदैन । अनि के गर्ने भन त ? म पहिले ओर्लंदा त्यस्तो भयो भने एक्लै गाउँ जान सक्दिन । म नौलो मान्छे, एक्लै बाटै फेला पार्न मलाई गाह्रो पर्छ । तिमी गयौ भने त गाउँमा गएर तुन्तै मद्दत लिई मलाई लिन आउनसक्छौ होइन ? विचार गर त !" अभिनवले कुरा बुझायो ।

अब सोमुले इच्छा नभएर पनि अभिनवको भनाइ मान्यो । दुबै मिलेर सुरुङको मुखमा रहेको एउटा बलियो चोसे ढुङ्गामा डोरीको एउटा छेउलाई राम्ररी बाँधे । ढुङ्गाले उनीहरूको बोझ थाम्न सक्छ कि सक्दैन भनेर हेर्न त्यसलाई सकेको बल लगाएर हल्लाए । ढुङ्गो बलियो थियो, त्यो फुट्ने वा टुक्रिने डर थिएन ।

सोमु विस्तारै त्यो दुलोमा छिऱ्यो । घिस्रिँदै दुलोको मुख बाहिर पुग्यो र डोरीलाई राम्ररी समातेर खुट्टाको औंलाले पनि डोरीलाई च्याप्यो । ऊ बिस्तारै सुरेली खेलेर ओर्लियो । दुवैले पहिले नै जुत्ता फुकालेर बाहिर फलिसकेका थिए । आफ्नो सबै भार डोरीमा छाडेर सुरेली खेल्दा एक पल्ट त सोमु आत्तियो पनि । तर चाँडै नै उसले आफूलाई समाल्यो र विस्तारै तल ओर्लियो ।

"सोमु, नडराऊ ! अब धेरै छैन ।" अभिनव दुलोबाट टाउको निकालेर बाहिर हेरिहेको थियो । सोमु विस्तारै सुरेली खेलेर ओर्लियो र डोरी सकिएपछि तल नरम ठाउँ हेरेर फालहाल्यो ।

रिमरिम अँध्यारो भइसकेकोले डोरी माथिबाट राम्ररी देखिँदैनथ्यो । डोरी कतै खुकुलो भएर फुस्किेको त छैन भन्ने जान्नु आवश्यक थियो । नत्र ऊ आफू ओर्लंदा अर्को समस्या आउन सक्थ्यो । त्यसैले अभिनवले टर्च बालेर त्यसको उज्यालोमा माथिबाट डोरी हेरिरहेको थियो । उसले डोरी फुस्किएको देखेन । उसलाई अब ढुक्क भयो- केही बेरमा त म पनि यो डरलाग्दो गुफाबाट बाहिर हुनेछु ।

"अभिनव, तिमी पनि आऊ । डोरी ठीक छ ।" सोमुले पनि आफू तल जमिनमा पुगेपछि टर्चको उज्यालोमा डोरी हेरेर भन्यो । त्यसपछि अभिनव पनि विस्तारै घिस्रिएर सुरुङको दुलोबाट बाहिर निस्कियो र डोरीलाई हातले बलियोसँग समात्यो । खुट्टाको बुढीऔंलाबीचको कापमा डोरीलाई च्याप्यो । अनि विस्तारै सुरेली खेलेर तल झर्न थाल्यो । सुरुमा त कहाली लागेर डोरीबाट हातै छुट्ला भन्ने जस्तो भयो, तर चाँडै नै उसको डर हट्यो । अलिअलि गर्दै जमिन पनि नजिक हुँदैआयो । डोरी सकिएपछि ऊ पनि विस्तारै तल भुइँमा हामफाल्यो । अब दुवै साथी गुफा बाहिरको खुला संसारमा थिए ।

□□

# बाआमाको चिन्ता

"साह्रै दु:ख दिनेभए यी केटाले । बिहान गाँस टिपेर हिंडेको मान्छे, यतिबेला फर्कदैन । नौलो ठाउँ..., न कतै केही पो भयो कि ! यति बेलासम्म अभिनवको बाबा पनि आइपुग्नु भएको छैन । के चाल हो के... यी दुबै बाबुछोराको ।" अभिनव साँझ परिसक्दा पनि घर नफर्केकोले आमा चिन्ताले पिरोल्लिरहनुभएको थियो ।

"यस्तो अबेर त गर्दैनथे, कता गए होलान् ! पिर नगर्नोस दिदी, सोमु साथमै छ । अब आइपुग्लान् नि !" सोमुको आमालाई पनि पिर नलागेको होइन । तर अभिनवको आमालाई अरू चिन्ता पर्ला भन्ने ठानेर उहाँले सम्झाउनु भयो ।

"होइन, के गफ हुँदैछ दुई दिदीबैनीको ?" अभिनवका बाबा त्यतिबेलै घरभित्र पस्नुभयो ।

"के हुनु नि । बिहान तपाईँभन्दा केही बेरपछि नै निस्केका अभिनव र सोमु अहिलेसम्म घर फर्केका छैनन । कता बनमान्छेले मान्छे लुट्यो भन्छन्, कतै हिउँ चितुवाले मान्छे माऱ्यो भन्छन् । यस्तो नौलो ठाउँमा यसरी रातसाँझ हिंड्ने होत । कस्तो मान्छे !" आमाले आफ्नो चिन्ता सुनाउनुभयो ।

"ए... अझै आएका छैनन् । यति अबेर त नगर्नु पर्ने ! कता गए होलान् त । केही भनेर गएनन्, कहाँ गएका हुन ?" आमाको कुरा सुनेर बाबा पनि चिन्तित देखिनुभयो ।

"अहँ...मलाई त केही भनेन । सोमुले केही भनेको थियो कि, दिदी ?" आमाले सोमुको आमासँग सोध्नुभयो ।

"खै सोमुले पनि केही भनेन । कता गएका होलान् त यी केटाहरू !" सोमुको आमालाई पनि केही थाहा रहेनछ ।

"अब के गर्नु, केहीबेर बाटो हेरौं ।" बाबाले भन्नुभयो ।

"कहाँ हुन्छ त्यसो भनेर, खोज्न जानु परेन ! आफूलाई कति चिन्ता लागिरहेको छ । तपाईंलाई के छ र ।" आमा साँच्चि नै आत्तिनुभएको थियो ।

"मलाई मात्र छोराको पिर लग्दैन र ! हेर त, भाउजुलाई पनि त त्यत्तिकै चिन्ता छ नि । तर पिर गरेर मात्रै त हुँदैन, तिमी कुरै बुझ्दिनौ । ल... भैगो भाउजु र म उनीहरूका साथीलाई भेटेर बुझी आउँछौं, हुन्न भाउजु ? ममात्रै सबैको घर चिन्दिन होला ।" बाबाले भन्नुभयो ।

"बाबुले ठीकै भन्नुभयो, बहिनी ! पिरोल्लिएर मात्रै हुने होइन । हामी तिनका साथीसँग बुझेर आउँछौं !" आमालाई सम्झाएर दुवैजना सोमुका साथीहरूलाई भेट्न जानुभयो ।

"तिमीहरूले सोमु र अभिनवलाई देखेनौ ? हिजो त सँगै खेलेको भन्थ्यो सोमु !" सोमुका साथी अकलबहादुर र मङ्गलाको घरमा पुगेर सोमुको आमाले सोध्नुभयो । उनीहरूको घर अरू साथीको भन्दा अगाडि पर्थ्यो ।

"हिजो त हामी सँगै खेलेका हौं । आज चाहिं हामीलाई पत्तै नदिई कता लागे, कता ! आज त हामीले उनीहरूलाई भेटेकै छैनौ ।" अकलबहादुरले भन्यो ।

"हिजो खेल्न चाहिं कता गएका थियौ नि ?" अभिनवको बाबाले सोध्नुभयो ।

"हिजो त पारि डाँडा छेउको चौरमा लुकामारी खेल्न गएका थियौं ।" मङ्गलाले बताइन् ।

"कतै आज पनि त्यतै त गएनन् । त्यो ठूलो पहरे चौरको भीरतिर त लागेनन् ती । ठूला मानिस समेत एक्लैदुक्लै जान डराउँछन् त्यो भीरतिर । पहरा चढ्ने धुनमा लड्न त लडेनन् !" अब सोमुको आमा पनि अघिको भन्दा चिन्तित देखिनुभयो ।

"अब के गर्ने भाउजु ?" सोमुको आमालाई चिन्तित देखेर बाबाको चिन्ता पनि बढ्यो ।



"एकपल्ट कासाङलाई पनि सोधौं, उसलाई केही थाहा छ कि ?" उहाँले भन्नुभयो ।

कासाङको घर बजारको पूर्वपटि कुनामा पर्थ्यो । अँध्यारो हुनहुन लागेकोले बाटोमा मानिस पनि कमै देखिन्थे । अकलबहादुर र मङ्गला पनि उहाँहरूसँगै कासाङको घरतिर लागे ।

"ओ हो... ! जेठी आमा पनि पो हुनुहुँदोरहेछ । यतिबेला कताबाट आउनुभयो ?" त्यतिबेला उहाँहरूलाई आफ्नो घरमा देखेर कासाङ छक्कै परी ।

"नानी, बिहान खाना खाएर खेल्न हिंडेका सोमु र अभिनव यतिबेला पनि घर फर्केनन् ! उनीहरू कता गए, तिमीलाई केही थाहा छ कि भनेर सोध्न आएका हामी त ।" सोमुकी आमाले आफूहरू त्यतिबेला त्यहाँ आउनुको कारण बताउनुभयो ।

"हो, कासाङ, उनीहरू यति बेलासम्म पनि घर नआएकाले हामी

साह्रै चिन्तित छौं । कतै केही विपतमा त परेनन् !" अभिनवको बाबाले भन्नुभयो ।

"काका, हिजो त हामी सँगै खेलेका थियौ । आज पनि हामीले खेल्न भनेर उनीहरूलाई खोज्यौं । उनीहरू भने अगाडि नै हिंडिसकेछन्, हाम्रो भेटै भएन ।" कासाङले पनि अक्कलबहादुर र मङ्गलाकै कुरा दोहोऱ्याइन् ।

"हिजो तिमीहरू पारिको पहरे भीरतिर खेल्न गएका थियौ रे होइन ? आज कता जाने भनेर उनीहरूले केही भनेका थिए कि ? त्यहाँ केही अनौठा कुरा देखेका थियौ कि ?" अभिनवका बाबाले तै पनि खोर्ऱ्याएर सोध्नुभयो ।

"अहँ केही भनेन् । त्यहाँ...." कासाङ केही सम्झने कोसिस गरिरहेकी थिइन् ।

"सम्झ, कासाङ सम्झ । तिमीले केही सुनेकी थियौ कि ।" अभिनवका बाबाले कासाङले केही सम्झने कोसिस गरेकी देखेर भन्नुभयो ।

"अँ... हिजो हामी त्यो पहरे चौरमा लुकामारी खेल्दै थियौं । हामी चौरकै वरिपरि लुक्यौं, अभिनव र सोमु लुक्न भनी पहरेभिरकै छेउमा पुगेका थिए, धेरै बेर हराए । हामीले निकैबेर खोज्यौं पनि, होइन मङ्गला ?" कासाङको कुरा सुनेर उहाँहरू दुबै जनालाई झन पिर पऱ्यो । दुबैजनाको मनमा एउटै कुरा खेल्दैथियो- तिनीहरूले पक्कै त्यहाँ केही देखे र आज कसैलाई पत्तै नदिई त्यतै लागे । पक्कै त्यहीं ठाउँमा केही भएको हुनुपर्छ !

"अँ... मैले सम्झें । घर फर्कंदा पनि उनीहरू सकभर हामीसँग टाढाटाढा भएर हिंडेका थिए । उनीहरू हामीले नसुन्नेगरी मसिनो आवाजमा कुरा गर्दै थिए ।" कासाङको कुरा सुनेर मङ्गलालाई पनि केही कुराको सम्झना भयो ।

"सम्झ त मङ्गला, तिमीले केही सुनेकी थियौ कि ?" मङ्गलाको कुरा सुनेर अभिनवको बाबाको अनुहारमा केही आशा पलायो- उनीहरूको योजना थाहा पाउनसके खोज्न जाने ठाउँको अनुमान गर्न सकिन्थ्यो ।

"अँ... एकपल्ट म उनीहरूको नजिकै पुगेकी थिएँ । गुफा हो कि के



को बारेमा कुरा गर्दै थिए । मलाई देख्नासाथ चुप लागे ।" मङ्गलाले सम्झेर भनिन् ।

मङ्गलाको कुरा सुनेपछि अब अभिनवको बाबालाई पक्का भयो । उहाँले मनमनै भन्नुभयो- तिनीहरू त्यही पहरे भीरतिर गएको हुनुपर्छ । सके हिजो त्यहाँ गुफा-ओढार केही देखेहोलान्, आज कसैलाई थाहै नदिई त्यतै लागे । मुस्ताङतिर पत्रे चट्टान र चुनढुङ्गका पहराहरूमा साना-ठूला गुफा र ओढार भेटिनु ठूलो कुरै होइन, जताततै पाइन्छ । अभिनव नयाँ कुरा देखेपछि त्यसबारे राम्ररी नजानी मरे मान्दैन । त्यसैले त्यो गुफा देखेर कसैलाई थाहै नदिई सोमुलाई मात्र लिएर त्यहाँ गएको हुनुपर्छ !

"लौन नि किन जानुपऱ्या होला त्यस्तो डरलाग्दो ठाउँमा !" सोमुकी आमाले पनि तिनीहरू त्यतै गएको अनुमान गरिसक्नुभएको रहेछ । उहाँ केही आत्तिनुभएजस्तो लाग्यो ।

"भाउजु, नडराउनुहोस् । म तपाईलाई घर पुऱ्याएर खोज्न जान्छु !" अभिनवका बाबाले उहाँलाई सम्झाउँदै घरतिर लिएर जानुभयो । कासाङ र साथीहरू पनि उहाँहरूसँगै साथ लागे ।

□□

# को आए यी भूतजस्ता केटा

"के भयो होला ती केटाहरूलाई । कुनै अनिष्ट त परेन !" सोमुकी आमा अब निकै चिन्तित देखिनुभयो ।

अभिनवका बाबाको मनमा पनि यही कुरा खेलिरहेको थियो । कासाङको कुरा सुनेपछि उहाँलाई पनि पिर लाग्न नथालेको होइन । तर सोमुकी आमा आत्तिनुहोला भनेर आफ्नो चिन्ता लुकाउनु भएको थियो ।

"त्यस्तो अनिष्ट त के नै पो पर्ला र भाउजु ! खेल्दा खेल्दै अबेर भएको पनि त हुनसक्छ नि ! धेरै नआत्तिनोस ! म खोज्न जान्छु,बरु तपाईं बहिनीलाई सम्झाउनु होला । ऊ झन त्यसै आत्तिन्छे ।" उहाँले सम्झाउनुभयो ।

कतिबेला घर आइपुगे, उनीहरूलाई त्यसको पनि होस थिएन । अभिनवको आमा अँध्यारो अनुहार लाएर बाहिर ढोकामैं पर्खिरहनुभएको रहेछ ।

"खोई अभिनव, खोइ सोमु ? खोज्न जानुभएको होइन तपाईं !" उहाँहरू आफूमात्र फर्केको देख्नासाथ आमा झनै आत्तिनुभयो ।

"न आत्तिऊ न, आइहाल्छन् नि । तिमी पिर नगरी बस, म उनीहरूलाई खोजेर ल्याउँछु । ल.. भाउजु यसलाई भित्र लैजानोस् ।" बाबा निस्कने तर्खरमा लाग्नुभयो ।

"हैन, अघि नै खोज्न जानुभा' होइन भन्या ? के भयो, मलाई पनि भन्नोस् न ।" बाबाको कुरा सुनेर आमा अलमलिनुभएको देखियो ।


"क्यै भएको छैन, म उनीहरूरूलाई लिएर आउँछु । तिमी भाउजुसँग बसिरहनू !" बाबाले धेरै कुरा बताउन चाहनुभएन । खेल्न गएका अभिनव र सोमु हराए रे भन्ने खबर फैलिइसके छ । मानिसहरू एकएक गर्दै जम्मा हुँदै थिए ।

"हैन, काँ' पो गएहोलान्, ती केटाहरू !" ती मानिसहरू पनि चिन्तित भएर थरिथरिका कुरा गरिरहेका थिए ।

"केही नपरी त यति अबेर गर्नु नपर्ने । राक्षस होकि वनमान्छे हो

पल्केको छ रे भन्छन्, कतै तिनैको फेला त पेरनन् केटाहरू !" अर्को मान्छेले शंका गऱ्यो ।

"त्यै त, निकै जना विदेशीलाई लुटिसके रे ! दुईजना त मरी पनि सके !" अर्को मानिसको कुरा सुनेर अभिनव र सोमुकी आमा रुन थाल्नुभयो ।



"के नचाहिने कुरा गर्नु भा' ! यस्तो कुरा पनि गर्ने हो । अञ्जु, भाउजु, तपाईंहरू यसरी न आत्तिनोस्, उनीहरूलाई केही भएको छैन ।" बाबाले सबैलाई सुनाएर भन्नुभयो ।

"होइन हामीले त सुनेका कुरा पो गरेका त ! जाउँ हिंड्नोस् बरु कता जाने, हामी पनि तपाईंसँगै खोज्न जान्छौं ।" उनीहरूले भने । सबै मानिस बाबासँगै खोज्न जान तयार भए । स्वास्नीमान्छेहरू सोमु र अभिनवको आमालाई सम्झाउन लागे ।

"के हो त्यो, मान्छे जस्तै देखिन्छ नि यतै आउँदै गरेको ! मान्छेकै छाया होइन त, त्यो ?" अँध्यारोमा कोही त्यतै आइरहेको देखेर रामदाइले भने ।

"हँ, कता.... ? खोई कहाँ देखिस्... ?" राम दाइको कुरा सुनेर छिमेकी होटेलवाला कृष्ण शेरचनले सोधे ।

"ए... हो जस्तै छ । ऊ...ऊ त्याँ हेर त कोही यतै आउँदैछ !" अर्को स्वर सुनेपछि त्यहाँ जम्मा भएका सबै मानिसको मनमा खुल्दुली भयो- अभिनव र सोमु नै हुन् त ती ?

त्यो छाया अलिअलि गर्दै नजिकै आइपुग्यो । बत्तीको मधुरो उज्यालोमा ती मानिस अभिनव र सोमुजत्रै देखिन्थे । तर यस्तो जाडोमा पनि तिनीहरूको शरीरमा कट्टु र गञ्जीबाहेक केही थिएन । त्यो छायालाई देखेर एउटाले डराएर चिच्यायो- लौन नि... भूत त होइन !

"चुप् लाग्नोस् तपाईंहरू !" उसको कुरा सुनेर अभिनवको बाबाले तिनै मानिसतिर जाँदै भन्नुभयो ।

"बाबा.....!" त्यति बेलासम्म दुवैथरी निकै नजिकै आइसकेका थिए । बाबालाई चिनेर अभिनवको मुखबाट खुसीको आवाज निस्कियो ।

"अभिनव.... सोमु..... कहाँ गएका तिमीहरू ! के हालत बनाएको यस्तो !" बाबा उनीहरूलाई देखेर एकातिर खुसी देखिनुभयो, अर्कोतिर त्यो हालत देखेर आत्तिनु भयो ।

"खोई.... खोई.... कहाँ छ मेरो छोरो !" खुसीले चिच्याएको अभिनव र बाबाको आवाज सुनेर अभिनव र सोमुका आमा दुबै रुञ्चे स्वरमा चिच्याउनुभयो ।

अभिनव र सोमु दुबै दौडिँदै आमाहरू भए ठाउँमा पुगे । बत्तीको उज्यालोमा उनीहरू नाङ्गा-भुतुङ्गा देखिन्थे । शरीर धुलै धुलोले ढाकिएको थियो । जिउभरि दर्फन्याएको घाउ नै घाउ देखिन्थ्यो । घाउमा रगत जमेको थियो । आफ्ना छोराहरूको त्यो हालत देखेर अभिनव सोमु दुबैका आमाहरूको आँखाबाट आँसुको भल बग्न थाल्यो- लौ न नि... के भयो मेरो छोरोलाई !

उनीहरूलाई त्यो हालतमा देखेर अरू पनि चकित थिए । उनीहरूको मनमा अनेकौं प्रश्न उठिरहेका थिए- कसले बनायो यिनीहरूको यस्तो गति ? के विपत्तिमा परेर आए यिनीहरू ? कतै भूत र वनमान्छेको फेला त परेनन् ?

"ल... ल... अरु कुरा पछि गर्नु.... ! यिनीहरू जाडोले कठ्यङ्ग्रिएका छन्, पहिला भित्र लगेर आगोमा तातोतुतो पार ।" बाबाले अह्राउनुभयो ।

□□

# डाँका समात्ने योजना

भित्र कोठाको एक कुनामा अगेनो थियो । त्यसमा भर्भराइरहेको आगोको भुङ्ग्रो र कोठामा फैलिएको तातोले बिस्तारै उनीहरूको जिउ तात्यो । त्यतिबेलासम्म डर र कहिले घर पुगेर गुफा र डाँकाको बारेमा सुनाउँ भन्ने ध्याउन्नाले उनीहरूलाई जाडोको सम्भनासमेत थिएन । कोठाभित्र लगेर आमाले दुबैलाई न्यानो कम्बल पनि ओढाइदिनुभयो । बिस्तारै उनीहरू जाडोले काँप्न छाडे ।

कम्बलको न्यानो र अगेनाको आगोको तातोमा राम्ररी जिउ तातेपछि आमाले तात्तातो दूध दिनुभयो । त्यो तात्तातो दूध खाएपछि उनीहरूको जिउ भित्रैसम्म गर्मायो । त्यसपछि आमाले मनतातो पानीमा नरम कपडा भिजाएर दुबैको जिउ र घाउमा जमेको रगत राम्ररी पुछिदिनुभयो । त्यति गरेपछि बल्ल उनीहरू हेर्न हुने देखिए । दर्फन्याएको ठाउँमा मलम पनि लाइदिनुभयो । मलम लाएपछि अघिसम्म दुखिरहेको घाउमा सितल भयो ।

"के गति बनाएका तिमीहरूले यस्तो ? हामीलाई कत्रो पिर । तिमीले शान्ति नदिने भयौ, अब भोलि नै घर पठाइदिन्छु म !" बाबाले रिसाउँदै भन्नुयो ।

"कहाँ गएका थियौ, नानी तिमीहरू ?" उनीहरूरूको अवस्थामा धेरै सुधार आएको देखेपछि पल्ला घरे जेठाबाले सोध्नुभयो । उहाँमात्र होइन, त्यहाँ जम्मा भएका सबैलाई उनीहरूको कुरा कहिले सुनौंजस्तो भइरहेको थियो । गाउँलेहरू अझै अभिनव र सोमु भूत वा बनमान्छेको फेला परेको ठानिरहेका थिए ।

दुबैले पालैपालोसँग हिजो पहरे चौरमा खेल्न गएदेखि अहिलेसम्मको सबै कुरा सुनाए । उनीहरूको कुरा सुनेर सबैजना चकित थिए । तिनका कुरा सुनेर छक्क नपर्ने कोही थिएन । अझ ती बद्‌मास डाँकाहरूबाट

बचेर उम्किन उनीहरूले देखाएको बुद्धि र साहसले अभिनव र सोमुको सह्रनी नगर्ने कोही भएन ।

"ओ हो, ठूलै बहादुरी गरेछौ, नानी हो तिमीहरूले !" छिमेकी कान्छी आमाले त्यति भनेपछि अभिनव र सोमुलाई अब धेरै गाली खानुपर्दैन भन्ने लाग्यो ।

"हो त ! अचम्मै पो गरेछन् गाँठे, यी नपत्याउँदा केटाहरूले त ! ज्यान जोखिममा पर्दा समेत आत्तिएनन् । म त ठूलै बहादुरी गरे पो भन्छु है यिनले !" कासाङका बाबुको कुरा सुनेर झन ठूलै पुरस्कार हात पारेजस्तो लाग्यो उनीहरूलाई । अभिनवको बाबा अझै केही बोल्नुभएको थिएन ।

"माफ दिनोस्, हामीले सबैलाई धेरै पिर पाऱ्यौं !" अभिनव र सोमुले आमा, बाबा र अरूसँग पनि माफी माग्दै भने ।

"के को माफी नि, तिमीहरूले बद्मासी गरेका हौ र ! बरु स्यावासी माग न ! कत्रो पुरुषार्थ गरेका छौ, तिमीहरूलाई के थाहा !" सोमु पढ्ने पाठशालाका श्याम गुरूको कुराले उनीहरूको डर हरायो ।

"गुरूले ठीकै भन्नुभा'हो नि कसो माड्साब ? यिनीहरूले माफी होइन स्यावासी पाउने काम पो गरेका छन् त !" कृष्ण काकाले गुरूको कुरामा सही थाप्नुभयो । अभिनवको बाबालाई त्यहाँ सबैले माड्साब भन्थे ।

"हो यिनीहरूले नराम्रो काम गरेका होइनन्, काम त स्यावासी पाउने नै गरेका छन् । तर केटाकेटी भएर त्यत्रो जोखिमको काम गर्नुहुन्नथ्यो नि त । बद्मासले फेला पारेका भए के गर्दाहुन्, भन्नोस् त ! यहाँ आएर गुफाको बारेमा भनेका भए हामी सबै मिलेर जान्थ्यौं नि ।" कसैलाई थाहा नदिई त्यस्तो डरलाग्दो ठाउँमा गएकोमा बाबालाई अझै चित्त बुझेको थिएन ।

"कुरा त ठीकै हो माड्साब । तर त्यसो गर्दा डाँकाहरू पहिल्यै थाहा पाएर उम्कन सक्थे नि कसो ?" कासाङको बाबाको कुराले बल्ल उहाँको चित्त बुझ्यो ।

"तपाईहरूको कुरा मैले नबुझेको त कहाँ हो र । तर यिनीहरूलाई



केही भएको भए, भन्नोस् त हाम्रो के हुन्थ्यो ! अब चाहिं यस्तो नगर्नु नि बुझ्यौ !" बाबाले भन्नुभयो ।

"अब ती बद्मासहरूलाई कसरी समात्ने, त्यो पो सोच्नुपर्‍यो ! यिनले हाम्रो जोमसोम र मुस्ताङ जिल्लालाई नै बद्नाम गरिसके ! यस्तै हो भने त विदेशीहरू घुम्नै आउन छाड्ने डर भैसक्यो । विदेशी आएनन् भने हामीले के काम गरेर खाने लौ ?" कृष्ण काकाको कुरामा सबैको चित्त बुझ्यो ।

"उनीहरूले भोलि साँझ सामान निकाल्ने कुरा गरेका थिए, होइन नानी ?" पल्ला घरे ठूलाबाले सोध्नुभयो ।

"हो, ठूलोबा । भोलि साँझ पर्नासाथ पोखेली साहुको पोखरा जाने खच्चरको लस्करमा पुर्‍याएर सामान जिम्मा लाउने कुरा गर्दै थिए । लस्कर पर्सि सखारै पोखरा हिंड्ने रे !" सोमुले डाँकाहरूको योजना सुनायो ।

"त्यसो भए तिनलाई भोलि राती नै त्यही गुफामा सामानसहित समात्नुपर्छ । कसो ?" कासाङका बाबाले प्रस्ताव राख्नुभयो ।

"त्यसो गर्दा डाँकाको सामान बेच्ने त्यो मतियार पोखेली साहु चाहिं

उम्किन्छ नि त ! त्यसलाई पनि समात्नुपर्छ नि, कसो ?" अभिनवको बाबाले सम्झाउनुभयो ।

"हो त ! यसो गरौं न त, पोखेली साहुको खच्चरको लस्कर नजिकै हामी लुकेर बसौं । डाँकाहरूले सामान ल्याएर उसलाई बुझाउन लागेकै बेलामा सबुतसहित समातौं कसो ?" पल्ला घरे ठूलाबाले अर्को सुझाव राख्नुभयो ।

"सबै कुरा पुलिसलाई बताइदिए त उसैले समातिहाल्छ नि ! हामीले केही गर्नै पर्दैन ! ती बद्माससँग बन्दुक र हतियार रहेछ भने ?" रामदाइको अर्को प्रस्ताव आयो ।

"उनीहरूसँग त्यस्तो हतियार त केही पनि देखेनौं हामीले ।" अभिनवले बतायो ।

"तर, साहुका मानिससँग त हुनसक्छ नि !" रामदाइको शंका बेठीक थिएन ।

"हो, रामले भनेको कुरा बेठीक होइन । तर पुलिसलाई बताउँदा कुरा फुस्क्यो भने ? पुलिसले मन लाएर खोजेको भए अगाडि नै पत्ता लागिसक्थ्यो नि, होइन ? पैसा खाएर छाड्न पनि बेर मान्दैनन् आजका पुलिस, सबै पुलिस कहाँ इमानदार छन् र ! त्यसैले हामी सबै मिली समातौं के विचार छ सबैको ?" रामुको कुरा सुनेर कासाङका बाबाले भन्नुभयो ।

"हुन्छ त्यसै गरौं !" सबैले एकै स्वरमा भने ।

"तर यो कुरा अरू कसैसँग नगर्ने नि । यो सल्लाहको बारेमा घरमा पनि कुरा नगर्ने ! नत्र एक कान दुई कान मैदान भएर हाम्रो योजना सफल हुँदैन ।" बाबाले सम्झाउनुभयो ।

सबैलाई यो कुरा ठीक लाग्यो । सबैले त्यसै गर्ने वाचा गरे । भोलि साँझ परेपछि गुफाबाट आउने बाटो बाहेक साहुको पोखरा लाने खच्चरको लस्कर राखेको ठाउँलाई चारैतिरबाट घेरा हाल्ने सल्लाह भयो । उनीहरूलाई पत्तै नदिई जम्मा हुने र घेरा हाल्ने सल्लाह मिलाएर सबै आ-आफ्नो घरतिर लागे ।

□□

# जनताको दण्ड

भोलिपल्ट साँझ पर्नासाथ पोखेली साहुको खच्चर गोठको वरिपरि गाउँलेहरू जम्मा हुँदै गए । उनीहरू एक-दुई, एक-दुईजना गर्दै कसैलाई पत्तै नदिई भेला भएका थिए । अघिल्लै दिनको योजनाअनुसार पहरे भीर र त्यो गोठमा आउने दुई बाटोलाई छाडेर अरू सबैतिर घेरा बनाए । त्यो गोठ पहरे भीरको नजिकै थियो । भीरबाट त्यहाँ आउने एउटा छोटो चोरबाटो थियो । त्यो छोटो चोरबाटोबाट गुफाको मुखदेखि गोठमा आइपुग्न पाँच-सात मिनेटभन्दा बढी लाग्दैनथ्यो । गाउँलेका हातमा लामालामा घोचा, लट्ठी र घर-खेत काम गर्दा प्रयोग गर्ने हतियार थिए ।

बाबाआमाले पहिला त अभिनव र सोमुलाई आउन दिनै मान्नुभएको थिएन । तर उनीहरूले अक्किल लाएर हामी नगए ती डाँकालाई कसरी चिन्नुहुन्छ नि भनेपछि बल्ल साथै लान राजी हुनुभएको थियो । हुन पनि ती डाँकालाई अभिनव र सोमु बाहेक अरूले देखे पनि चिन्दैनथे । गुफादेखि सामान त ती डाँका बाहेक अरूले पनि ओसार्न सक्थे । तिनीहरूको मतियार साहुलाई पनि गुफाको बारेमा थाहा हुन सक्थ्यो । त्यसैले ती डाँका आएनआएको जान्न पनि अभिनव र सोमुको आवश्यकता थियो । उनीहरू बाबासँगै एकातिरको झाडीमा लुकेर आवाज ननिकाली बसे ।

डाँकाहरूले सामान ओसारिसकेपछि त्यहाँ साहु पनि पक्कै आउँछ र सबैलाई एकैसाथ समात्नुपर्छ भन्ने सल्लाह थियो । साहुलाई सबैले चिनिहाल्थे । डाँकाहरू पनि त्यहाँ पुगेपछि अभिनव र सोमुले चिनाइदिएपछि बाबाले लाटोकोसेरो कराएजस्तो आवाज निकाल्ने कुरा भएको थियो ।

"त्यो भन्दा अघि नै साँच्चिकै लाटोकोसेरो करायो भने नि ?" हिजो त्यस्तो सल्लाह हुँदा सोमुले शंका निकालेको थियो ।

सबैलाई उसको शंका साँचो पनि हुन सक्ने लाग्यो । त्यसैले

लाटोकोसेरोको आवाज एकएक छिन बिराएर पाँचपल्ट निकाल्ने कुरा भएको थियो । साथै सबै बद्मासहरू गोठमा आइसकेपछि अभिनवका बाबाले त्यस्तो आवाज निकाल्ने र त्यसपछि मात्रै सबैले एकैचोटि घेरेर समात्ने योजना थियो ।

गाढा अँध्यारो भैसकेकोले हत्पत्ति केही देखिँदैनथ्यो । त्यो अँध्यारोमा सबै मानिस आँखा गाडेर त्यही गोठ र गोठमा आउने बाटोलाई नियालिरहेका थिए । धरै समय त्यसरी नै बिताएपछि केही मानिस टर्च बत्ती बालेर गोठतिर आउँदै गरेका देखिए । उनीहरू होसियार भएर टर्चको उज्यालो चारैतिर नफैलिने गरी हातले छोपेर हिंडेका देखिन्थे । गाउँका अरू सबै मानिस अँध्यारोमा लुकेकाले तिनले देख्न सक्तैनथे । सबै काम गुपचुप मैं भएकोले पनि तिनीहरूलाई आफू त्यसरी घेरिएको पत्तै थिएन । टर्चको उज्यालोमा उनीहरूको हातमा कुनै हतियार देखिएन । तर पनि यसै हो भनेर भन्न सकिंदैनथ्यो ।

एकएक गर्दै सातजना मान्छे जम्मा भएको देखियो । गुफाबाट गोठतिर आउँदै गरेको अर्को मधुरो उज्यालो पनि देखियो । त्यो मधुरो उज्यालोमा काँधमा सामान बोकका दुइजना देखिन्थे ।

"यी पक्कै तिनै डाँका हुनुपर्छ । दुईजना मात्रै सामान ओसार्दैछन् ।" अभिनवले कानेखुसी गर्दै बाबालाई भन्यो ।

"त्यस्तै देखिन्छ । अहिले नबोल, तिनले सुनेर भाग्लान् ।" बाबाले सम्झाउनुभयो ।

डाँकाहरूले आठ दश खेप गरी सामान ओसार्दा निकै समय बित्यो । अँध्यारोमा पर्खिंदा पर्खिंदा सबैलाई पट्यार लागिसकेको थियो । पछिल्लो पटक सामान ल्याएपछि तिनीहरू दश मिनेटसम्म नफर्केकाले बाबाले सामान अेसार्ने काम सकिएको अनुमान लाउनुभयो । एकपटक चारैतिर राम्ररी हेरेपछि उहाँले लाटोकोसेरोको आवाज निकाल्नुभयो । पाँचौंपल्ट त्यो आवाज सुनेपछि मानिसहरू गोलाबाट निस्किएका अरिङ्गालजस्तै चारैतिरबाट गोठमा खनिए । बद्मासहरूले के भयो भन्ने भेउ पाउनै सकेनन् । तिनीहरू गाउँलेको पञ्जामा परिसकेका थिए ।

"तिमीहरू सबै हाम्रो कब्जामा परिसक्यौ । कोही लुकेर बसेका छौ भने बाहिर निस्क, नत्र तलमाथि भयो भने केही भन्न पाउने छैनौ !" अभिनवका बाबाले उनीहरूलाई चेतावनी दिनुभयो । गाउँलेहरूले बालेका टर्चबत्तीको उज्यालोमा पूरै गोठ उज्यालो देखिएको थियो । केही मानिस टर्चबाल्दै तिनीहरू लुक्न सकने ठाउँ खोज्दै गए । समातिएका बाहेक अरू कोही फेला नपरेपछि उनीहरू ढुक्क भए ।

"होइन के गरेको यो, किन हामीलाई समातेको ?" एक्कासी आफूहरू त्यसरी समातिएको देखेर केही समय त तिनीहरू केही बोल्नै सकेनन् । केही बेरपछि पोखेली साहु करायो ।

"जो चोर उसको ठूलो स्वर ! अब थाहा पाउलास्, तैं होइनस् डाँकाको मतियार" कृष्ण काकाले भन्नुभयो ।

"होइन के अपराध गऱ्यौं हामीले, त्यसै जे मन लाग्यो त्यही भन्न त पाइँदैन नि । अर्काको गोठमा आएर हुलहुज्जत गर्ने ?"गुफाबाट सामान ओसार्ने डाँकामध्येकै एकजनाले भन्यो ।

"अझ कराउँछस् । यात्रीहरू लुटेर ज्यान लिने अपराधी तिमीहरू नै होइनौ ? अनि यो साहु ! तिमीहरूले लुटेका सामान बेच्न सघाउने मतियार



यही होइन ? चुप्चाप् बस, नभए हातखुट्टा भाँचेर लडाइदिउँला !" कासाङका बाबाले उनीहरूको अपराध सुनाउनुभयो ।

"होइन के भनेको यो ? म त सोझो व्यापार गर्ने मान्छे, त्यसै यत्रो आरोप लाउने ! के सबुत छ तिमीहरूसँग ?" साहु केही डराएको जस्तो देखिए पनि ठूलो स्वर निकाले कराउँदै थियो ।

"प्रमाण त यिनै थुपारिएका सामान र डाँकाहरूको गुफाको डेराले नै दिनेछन्, बुझ्यौ ! अझ मार खाएपछि यिनै डाँकाले नै तेरो पोल खोल्छन् ।" अभिनवका बाबाको कुरा सुनेर साहु पोल खुलेछ भन्ने बुझेर निकै डराएको देखियो ।

"बरु पुलिसलाई पैसा ख्वाएर उम्किउँला भन्ने नठान्नू नि । हामी आफैं सजायँ दिन्छौं तिमीहरूलाई पुलिसको के भर ।" कृष्ण काकाले त्यति भन्दाभन्दै कताबाट थाहा पाएर पुलिस पनि आइ पुगेछन् ।

"तपाईंहरू हामी पुलिसमाथि यसरी शंका नगर्नोस् न । केही पुलिसले त्यसरी पैसा खाए होलान्, सबै त्यस्तै हुँदैनन नि । तपाईंहरू ढुक्क हुनोस् दसीसमेत समातिएका यी बद्मासहरू अब जिन्दगीभर जेलमा सड्छन् !" गोठको भुइँभरि थुपारिएका महँगा विदेशी सामान हेरेपछि पुलिसको हाकिमले भने ।

"खै कसरी गर्ने विश्वास, पुलिसले असल नागरिकको रक्षा र बदमासलाई दण्ड दिएको भए कसले अविश्वास गर्थ्यो ?" यिनैलाई समात्न पनि यत्रो समय के गर्नुभयो ? अपराधीहरू छुटिरहेकै छन् ! यिनलाई पनि पैसा खाएर नछोड्नु होला कसरी भन्ने ?" कृष्ण काकाले भन्नुभयो ।

"तपाईंहरूको कुरालाई मैले नराम्रो मानेको छैन । हो, हाम्रो पुलिसमा पनि अपराधीहरूसँग मिलेर पैसा खाँदै तिनलाई उम्काउने खराब मानिसहरू नभएका होइनन् । तर सबै त्यस्तै हुन्छन् भन्ने चाहिं सोच्नुहुँदैन । सबैतिर केही खराब मानिस हुन्छन्, तिनलाई चिनाएर सजाय दिलाउन तपाईंहरूले पनि त मदत गर्नुपर्छ होइन र ? तपाईंहरू ढुक्क हुनोस्, यी अपराधीले सजाय पाउँछन्, पाउँछन् ।" पुलिसका हाकिमले आफ्नो तर्फबाट स्पष्टीकरण दिए ।



"हाम्रो जिल्लालाई नै बद्नाम गरेर अपराध गर्ने यिनीहरू सजाय पाएर छुटे भने हामी पुलिस सुलिस कसैलाई छाड्दैनौं ! बरु हामी आफैं सजायँ गर्छौं यिनलाई !" पसाङका बाबाले पनि थप्नुभयो ।

आखिरमा उनीहरू पुलिस र गाउँले दुवैथरी मिलेर तिनलाई पहरा दिंदै सजाय गर्ने सल्लाहमा पुगे । सबै बदमासलाई हातखुट्टा बाँधेर लडाए ।

"गुफाको रहस्य पत्तालाएर बद्मास समात्न सघाउने बाबुहरू चाहिं कता छन् नि ख्वै ?" पुलिसका हाकिमले सोधे । उनले रामुकाकाबाट अभिनव र सोमुले कसरी गुफा र डाँकाको बारेमा पत्ता लाए भन्ने सबै कुरा सुनिसकेका रहेछन् ।

"यी-यिनै हुन् ती बहादुर केटा !" यिनलाई देखेर पुलिसले त सरम मान्नुपर्छ ! उनीहरूको कुरा सुनेर अभिनव र सोमुलाई असाध्यै खुसी लागिरहेको थियो ।

□□

# लेखकका अन्य बालसाहित्यसम्बन्धी कृतिहरू




ISBN 999464315-0
9 789994 643158

विवेक सिर्जनशील प्रकाशन प्रा.लि.